# प्रभाव दैनिक
National Daily

वर्ष १०   अंक १६३   काठमाडौं   मंगलबार, १६ असोज २०८०   Prabhab National Daily   Tuesday, October 3, 2023   www.prabhabonline.com   पृष्ठ ८   मूल्य रू. ५।-







## प्रधानमन्त्रीदेखि सभामुखको ताकेता, तर अझै बनेन संसद् भवन



- संसदीय समितिमात्र होइन प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख देवराज घिमिरे पनि यसअघि नै पुगेका थिए निर्माणाधीन संघीय संसद् भवनको अवलोकनमा
- दुईपटक म्याद थप हुँदा पनि भवनको प्रगति उत्साहजनक छैन । निर्माण कम्पनीका अनुसार हाल भवन निर्माणको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशतमात्रै
- उपकरणहरु भारत, युरोपलगायत मुलुकबाट आयात गर्नुपर्ने भएकाले ढिलाइ भएको निर्माण कम्पनीको दाबी

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सिंहदरबारभित्र निर्माणाधीन संघीय संसद् भवन २०७९ असोज १५ गतेभित्र बनिसक्नुपर्ने थियो । तर, वर्षदिन नाघ्दा पनि भवनले पूर्ण रूप लिन सकेको छैन ।

भवन निर्माण प्रगति अपेक्षाकृत हुन नसकेपछि प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिले सोमबार निर्माणाधीन संसद् भवनको स्थलगत अवलोकन गरेको छ । स्थलगत अवलोकनमा समितिका सभापति दीपकबहादुर सिंह र सहरी विकासमन्त्री सीता गुरुङलगायत सहभागी थिए ।

समितिले मात्र होइन प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख देवराज घिमिरेले पनि यसअघि नै निर्माणाधीन संघीय संसद् भवनको अवलोकन गरेका थिए । गत असार २५ गते अवलोकन गर्न पुगेका प्रधानमन्त्री दाहालले आउँदो हिउँदे अधिवेशन नयाँ भवनमा गर्ने लक्ष्य रहेको भन्दै निर्माण छिटो सम्पन्न गर्न निर्देशन दिएका थिए । त्यस्तै गत साउन १७ गते सभामुख देवराज घिमिरेले पनि निर्माणाधीन संसद् भवनको अवलोकन गरेका थिए ।

### भवन निर्माण कछुवा गतिमा

स्थलगत अवलोकनपछि समिति सभापति सिंहले निर्माण कछुवा गतिमा भएको बताए । सिंहले निर्माण प्रक्रिया चाँडो सक्न निर्देशनसमेत दिए । 'भवन निर्माण कछुवा गतिमा भयो यसलाई चाँडो सम्पन्न गर्नुहोस्,' सिंहले निर्माण कम्पनीका सञ्चालकलाई भने । सभामुख घिमिरेले पनि लक्ष्यअनुरूप निर्माणको काम सन्तोषजनक नभएको बताएका थिए ।

सरकारले निर्माण कम्पनी टुण्डी सेक ज्वाइन्ट भेञ्चरसँग २०७६ असोज १६ गते भवन तीन वर्षभित्र सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । सिंहदरबारको पुतली बगैंचामा निर्माण भइरहेको संसद् भवनको शिलान्यास २०७६ असोज १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए ।

(बाँकी पृष्ठ २ मा)

# भ्रष्टाचारको अखडा स्थानीय तह

- २० हजार ९०५ वटा भ्रष्टाचारसम्बन्धी उजुरीमध्ये सर्वाधिक सात हजार ५१६ वटा उजुरी स्थानीय तहको
- स्थानीय तहको शिक्षा शाखा पनि भ्रष्टाचारको केन्द्र
- अख्तियारमा परेकामध्ये धेरै उजुरी तामेलीमा
- एक वर्षमा १६२ मुद्दा विशेष अदालतमा दायर, ७६६ जना प्रतिवादी
- एक अर्ब ७७ करोड ५८ लाख ४६ हजार रूपैयाँ बिगो मागदाबी

**■ जेबी योञ्जन**

**काठमाडौं–** जनताको घर नजिकको सरकार भनिएको स्थानीय तह भ्रष्टाचारको अखडा बन्दै गएको पाइएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको गत आर्थिक वर्षको प्रतिवेदनमा यस्तो देखिएको हो । गत वर्ष अख्तियारमा दर्ता भएका उजुरीमध्ये सात हजार ५१६ वटा स्थानीय तहसँग सम्बन्धित भएको प्रतिवेदनमा उल्लेख छ ।

आयोगमा गत आर्थिक वर्ष २०७९/८० मा विभिन्न माध्यमबाट २० हजार ९०५ उजुरी परेका थिए । जसमध्ये स्थानीय तहमा भएका भ्रष्टाचारसम्बन्धी उजुरी ३५.९५ प्रतिशत देखिएको छ । स्थानीय तहकै शिक्षा शाखाबाट भएको भ्रष्टाचारसम्बन्धी उजुरी पनि अधिक रहेको तथ्यांकले देखाएको छ । अख्तियार प्रमुख प्रेमकुमार राईले सोमबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ३३औं वार्षिक प्रतिवेदनमा स्थानीय तहको शिक्षा शाखासँग सम्बन्धित तीन हजार ४१ वटा भ्रष्टाचारजन्य कसूरसम्बन्धी उजुरी परेको विवरण उल्लेख गरेको छ । यो भनेको कूल उजुरीको १४.५५ प्रतिशत हो ।



सोमबार शितलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष गत आर्थिक वर्षको प्रतिवेदन पेस गर्दै अख्तियार प्रमुख प्रेमकुमार राई । *तस्बिरः रासस*

आर्थिक वर्ष २०७८/७९ मा पनि स्थानीय तहकै भ्रष्टाचारसम्बन्धी उजुरी आयोगमा बढी परेको थियो । त्यसबेला ४७ प्रतिशत (१० हजार ६८८ वटा) उजुरी स्थानीय तहको थियो । यस वर्ष पनि स्थानीय तहमै भ्रष्टाचार बढी भएको भन्दै बढी उजुरी परेको आयोगका प्रवक्ता दाहालले पत्रकार सम्मेलन गरी जानकारी दिए । बढी उजुरी स्थानीय तहको पर्नुको कारण संघीयता कार्यान्वयनपछि विकास निर्माणको काम स्थानीय तहमा जानु रहेको उनको तर्क छ ।

'संघीयता लागू भएपछि विकास निर्माणको काम स्थानीय तहमा हुन्छ । स्थानीय तह बलियो सरकार पनि हो । उजुरी पनि धेरै स्थानीय तहकै आएका छन्,' प्रवक्ता दाहालले भने ।

पूर्वसचिव धनबहादुर तामाङ भने स्थानीय तहमा बढी भ्रष्टाचारको उजुरी पर्नुमा अधिकांश स्थानीय तहले सार्वजनिक खरिद ऐनअनुसार खरिद नगर्नु रहेको बताउँछन् । अर्कोचाहिँ लोभ गर्ने मानवीय प्रवृत्ति पनि जिम्मेवार रहेको उनलाई लाग्छ । 'सार्वजनिक खरिद ऐन धेरै स्थानीय तहसँग छैनन् जस्तो लाग्छ । उक्त ऐनअनुसार खरिद गरिएन भने त्यो भ्रष्टाचार हुन जान्छ । अनि, त उजुरी पर्छ ।

(बाँकी पृष्ठ २ मा)

## बहालवाला सचिवसहित नौ जनाविरूद्ध मुद्दा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राष्ट्रिय पेमेन्ट गेटवे प्रणालीमा भ्रष्टाचार गरेको आरोपमा बहालवाला उद्योग सचिवसहित नौ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनी, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्याय, तत्कालीन निर्देशक तथा हाल उपनिर्देशक रहेका सफल श्रेष्ठ, केन्द्रका तत्कालीन सहायक निर्देशक रमेशप्रसाद पोखरेल, तत्कालीन लेखा अधिकृत निमबहादुर वली, रामबहादुर बुढा तथा केन्द्रका कम्प्युटर इञ्जिनियर रामशरण गायकसँगै नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलविरुद्ध विशेष अदालतमा सोमबार मुद्दा दायर गरेको हो ।

छ वर्षअघि राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक उपाध्यायसमेतको मिलेमतो र योजनामा खरिद गरिएको नेसनल पेमेण्ट गेटवे अहिलेसम्म प्रयोगमा आएकै छैन । आवश्यक पूर्वाधार पनि तयार छैन । यस्तो अवस्थामा अस्वाभाविक लागत तयार गरी २५ करोड रूपैयाँमा पेमेन्ट गेटवे प्रणाली खरिद गरेको पाइएको अख्तियारले जनाएको छ । जसबाट सरकारको सम्पत्तिमा गैरकानुनी तवरले हानि नोक्सानी पुर्‍याएको निष्कर्ष अख्तियारको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# १४ म्यानपावर कम्पनी निलम्बनमा

## जापानी भाषा तथा संस्कृतिसम्बन्धी तालिमको शंकास्पद प्रमाणपत्र पेस गरी नेपाली कामदारलाई जापान पठाएको उजुरीका आधारमा निलम्बन

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले १४ वटा म्यानपावर कम्पनीको इजाजतपत्र निलम्बन गरेको छ । रोजगारीका लागि आवश्यक जापानी भाषा तथा संस्कृतिसम्बन्धी तालिमको शंकास्पद प्रमाणपत्रका आधारमा नेपाली कामदारलाई जापान पठाएको अभियोगमा ती म्यानपावर कम्पनीलाई निलम्बन गरी थप अनुसन्धान अगाडि बढाएको हो ।

विभागका प्रवक्ता कविराज उप्रेतीले सोमबार एक विज्ञप्ति जारी गरी शंकास्पद प्रमाणपत्रसम्बन्धी उजुरीका आधारमा ती कम्पनीमाथि अनुसन्धान जारी रहेको जानकारी दिएका छन् ।

'वैदेशिक रोजगारीका लागि इजाजतपत्र प्राप्त केही संस्थाहरूले जापानी भाषा तथा संस्कृतिसम्बन्धी तालिमको शंकास्पद प्रमाणपत्र पेस गरी श्रम स्वीकृति लिई नेपाली कामदारहरूलाई जापान पठाएको भन्ने उजुरीको सम्बन्धमा विभागबाट अनुसन्धान भइरहेको छ,' विज्ञप्तिमा उल्लेख छ, 'यस विषयमा भएको प्रारम्भिक अनुसन्धानबाट तपसीलका संस्थाहरू सो कार्यमा संलग्नता भएको देखिएको आधारमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ को ७ बमोजिम निलम्वन गरी थप अनुसन्धान गर्ने र अन्य संस्थाको हकमा अनुसन्धान जारी राख्ने निर्णय भएको जानकारी गराइन्छ ।' विभागले सोमबार उक्त निर्णय गरेको हो ।

विभागको निलम्बनमा पर्ने म्यानपावर कम्पनीमा गुडलाइफ इन्टरनेसनल इम्प्लोइमेण्ट एजेन्सी प्रालि, सत्यावती ओभरसिज, डि.एन. इन्टरनेसनल नेपाल ओभरसिज इम्प्लोइमेण्ट एजेन्सी प्रालि, रोयल ओभरसिज नेपाल प्रालि, जब्स ग्लोबलडटकम इम्प्लोइमेण्ट सर्भिसेस प्रालि, लायन्स इन्टरनेसनल नेपाल प्रालि, भण्डारी ओभरसिज प्रालि रहेका छन् ।

यस्तै वर्ल्ड फ्लेवर ओभरसिज प्रालि, नेप इन्टरनेसनल प्रालि, मञ्जुश्री ओभरसिज सर्भिस प्रालि, एएनएस एसोसियट्स प्रालि, क्यापिटल इन्टरनेसनल म्यानपावर प्रालि, ग्राण्ड सुइट जब प्रालि र अक्सन इन्टरनेसनल प्रालि (अभतार ह्युमन रिसोर्सेस् प्रालि) पनि विभागको निलम्बनमा परेका छन् ।

# रिटर्नी श्रमिकका लागि निबन्ध आह्वान

## विजेता एक जनालाई कोरिया जाने अवसर

**काठमाडौं (प्रस)–** दक्षिण कोरियामा रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत रोजगारीमा गई फर्केका (रिटर्नी) श्रमिकबीच निबन्ध प्रतियोगिता हुने भएको छ । प्रतियोगिताका लागि निबन्ध आह्वान गरिएको छ । प्रतियोगिताका विजेताले दक्षिण कोरियामा जाने अवसर पाउनेछन् ।

प्रतियोगितामा दक्षिण कोरियामा ई-९ भिसामा काम गरेको श्रमिकले भाग लिन पाउनेछन् । तर, कोरियाली अध्यागमन विभागबाट प्रवेश रोक नलागेको व्यक्ति हुनुपर्ने जनाइएको छ । प्रतियोगितामा व्यक्तिगत सहभागितामात्र मान्य हुनेछ ।

प्रतियोगितामा सहभागी हुन यही अक्टोबर ८ भित्र निबन्ध पठाइसक्नुपर्नेछ । जसका लागि नेपाल इपिएस सेन्टरको इमेल इमेलमार्फत पठाउन सकिने सूचनामा जनाइएको छ । प्राप्त आवेदनहरूको मूल्यांकन अक्टोबर ९ मा तथा विजेता घोषणा अक्टोबर १० मा हुनेछ ।

रोजगार अनुमति प्रणालीले आफ्नो जीवनमा पारेको प्रभाव र स्वदेश फर्कनुअघि र पछि आएको परिवर्तन, कोरिया बसाइँको क्रममा विदेशी श्रमिकको रूपमा जीवनयापन गर्दा आएका सुख दुःखका क्षण

र स्वदेश फर्किएपछि आएको सकारात्मक परिवर्तनको आफ्नो अनुभव, कोरियामा काम गरेर स्वदेश फर्किएपछि व्यवसाय/ रोजगारीमा पाएको सफलतालगायतका विषयमा निबन्ध लेख्नुपर्नेछ । यस्तै आर्थिक कठिनाइ, कोरियाली नागरिकहरूको नकारात्मक दृष्टिकोण आदिलाई पार गरी सफल रोजगारी जीवनसम्मको सिलसिला र त्यसबाट स्वदेशमा जीवनमा पारेको प्रभाव, कोरियामा विदेशी श्रमिकसम्बन्धी धारणा सुधार गर्न सफल भएको अनुभव र कोरियामा काम गर्न जान चाहने नेपालीहरूलाई पारेको प्रभावसम्बन्धी पनि निबन्ध लेख्न सकिने जनाइएको छ । निबन्ध अधिकतम दुई पेजको हुनुपर्ने जनाइएको छ ।

पुरस्कृत व्यक्ति (एक जना)ले दक्षिण कारियाली रोजगार तथा श्रममन्त्रीको अध्यक्षतामा नोभेम्बरको मध्यतिर हुने कार्यक्रममा सहभागिता जनाउन पाउनेछन् । सो कार्यक्रममा आफ्नो उदाहरणीय कथा प्रस्तुत गर्नु पर्नेछ । त्यसका लागि कोरिया भ्रमणको सम्पूर्ण खर्च इपिएस सेन्टरले व्यहोर्नेछ ।


जनहितमा जारी सन्देश



## प्रधानमन्त्रीदेखि...

पृष्ठ १ बाट जारी

**थपिएको म्याद पनि गुज्रियो**

कोरोना महामारीका कारण निर्माण ढिलाइ भएको भन्दै पहिलोपटक छ महिना म्याद थप गरी निर्धारित समय २०८० वैशाख १४ गते पु¥याइयो । पहिलोपटक थप भएको म्यादभित्र पनि निर्माण सम्पन्न नभएपछि दोस्रोपटकका लागि अर्को छ महिना म्याद थप गरी २०८० साल असोज १६ गते पु¥याइयो ।

दुईपटक म्याद थप हुँदा पनि निर्माणाधीन संसद् भवनको प्रगति उत्साहजनक छैन । निर्माण कम्पनीका अनुसार हाल भवन निर्माणको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशतमात्रै छ । कम्पनीका तर्फबाट परियोजना व्यवस्थापक प्रमेन्द्रकृष्ण श्रेष्ठका शब्दमा भवन निर्माण सकिन अझै कम्तीमा छ महिनाको समय चाहिन्छ । त्यसैले निर्माण कम्पनी यतिबेला तेस्रोपटक म्याद थपका लागि आग्रह गर्दै आएको छ । समितिका सभापति सिंहले यो ढंगले समयमै निर्माण हुन नसक्ने भन्दै निश्चित अवधिमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता नआएसम्म म्याद थप्नुको कुनै औचित्य नभएको बताए ।

यद्यपि भवन निर्माणको जिम्मेवारी पाएको कम्पनी भेन्चरले 'साइट क्लियरेन्स'कै लागि करिब १८ महिना लागेकाले निर्माण समयमै सम्पन्न हुन नसकेको दाबी गरेको छ । 'आयोजनामा हाल ४०० हाराहारीमा जनशक्ति परिचालित छन् । भवनका निर्माणका लागि उपकरणहरू भारत, युरोपलगायत मुलुकबाट आयात गर्नुपर्ने भएकाले पनि निर्माणमा ढिलाइ भएको हो,' कम्पनीका परियोजना व्यवस्थापक श्रेष्ठले भने ।

सहरी विकासमन्त्री गुरुङले पछिल्लो छ महिनामा संसद् भवन निर्माणले तीव्रता लिए पनि सन्तोषजनक नभएको बताइन् । 'म मन्त्रीको जिम्मेवारीमा आउनुभन्दा पहिलेको तुलनामा पछिल्लो छ महिनामा धेरै काम भएको छ तर जुन गतिमा अगाडि बढ्नुपर्ने थियो त्यो भने भएको छैन ।'

मन्त्री गुरुङले भवन निर्माणका विषयमा नीतिगत र प्राविधिक समस्याबारे सरोकारवालासँग पटक-पटक छलफल गर्न र निर्देशन दिइएको बताइन् । 'हिउँदे अधिवेशन नयाँ भवनबाटै सञ्चालन गरौं भन्ने लक्ष्य हो,' गुरुङले भनिन्, 'भवन निर्माण छिटो सक्न जनशक्ति बढाउन पनि निर्देशन दिइएको छ ।'

आयोजना निर्देशक मच्चाकाजी महर्जनले छ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी धमाधम काम भइरहेको दाबी गरे । आयोजनाको परामर्शदाता राजुमान मानन्धरले पनि निर्माणाधीन संसद् भवन छिटो पूरा गर्न दुई सिफ्टमै काम गर्ने योजना रहेको बताए । 'अहिले सरकारी काम जस्तो १०-५ भइरहेको छ । जति मान्छे काम गर्न राख्नुपर्ने हो त्यति राखिएको छैन । यहाँ केही नभए पनि आठ-नौ सय मान्छे चाहिन्छ । अहिले २४९ एक जना धन् । डेढ महिना अगाडि ४०० जना कटेको छ,' मानन्धरले भने ।

थपिएको समयमा पनि निर्माण सम्पन्न नभए सम्झौता भएको रकमको ०.०५ प्रतिशत प्रतिदिनका हिसाबले जरिवाना गर्न सकिने व्यवस्था छ । उक्त जरिवानापछि पनि काम नभए बैंक जमानी रोक्का गर्ने र सम्झौता खारेज गर्न सकिने परामर्शदाता मानन्धरले बताए ।

'म्याद थपेर पनि समयमा सकिएन भने जरिवाना लगाउने भन्ने छ । ०.०५ प्रतिशत प्रतिदिन जरिवाना लगाउनुपर्ने हुन्छ । त्यो भनेको सम्झौता भएको रकमको ०.०५ प्रतिशत प्रतिदिन जरिवाना हो,' उनले भने। २०५५ असार ८ गते तत्कालीन मन्त्रिपरिषद्ले भवन निर्माण गर्ने निर्णय गरेको थियो । लामो समयसम्म भवनको काम सुरु हुन सकेन । जसको कारण भवन कहाँ बन्ने नै निश्चित भएको थिएन । हालकै संसद् सचिवालय परिसरमा बनाउने प्रयत्नसमेत लामो समय चलेको थियो ।

समयमा भवन नबन्दा २०६४ देखि बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा संविधान सभा तथा हालका संघीय संसद्का समेत बैठक बस्दै आएका छन् । २०६४ को संविधान सभा निर्वाचनपछि उक्त भवन भाडामा लिइएको हो । वार्षिक १६ करोडभन्दा बढी भाडा अहिले सम्मेलन केन्द्रलाई संसद्ले भुक्तानी गर्दै आएको छ ।

**यस्तो बन्नेछ संसद् भवन**

एक सय ५१ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रिय सभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । भवन निर्माणका लागि अनुमानित खर्च छ अर्ब ९२ करोड रूपैयाँ भए पनि पाँच अर्ब दुई करोड रूपैयाँमा सम्झौता भएका छ। सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणका लागि तीन अर्ब २६ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ।

संसद् भवनभित्र मुख्य भवन आठवटा हुनेछन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त लबी हुनेछ भने सानाठूला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन् । यसका चार अतिरिक्त अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् पुस्तकालय, दुईवटा क्यान्टिन क्रमशः १०० र ३०० जना अट्ने क्षमताका र ३९० वटा गाडी पार्किङ क्षमता हुनेछ ।

## भ्रष्टाचारको ...

पृष्ठ १ बाट जारी

लोभ गर्ने मावनीय गुणले पनि भ्रष्टाचार गराउँछ,' पूर्वसचिव तामाङले भने ।

आयोगमा आर्थिक वर्ष २०७८/७९ बाट जिम्मेवारी सरेर आएका सात हजार १६२ उजुरी थिए । तीसमेत गरेर २८ हजार ६७ वटा उजुरीहरू अख्तियारमा थिए ।

जसमा भूमि प्रशासनसँग सम्बन्धित उजुरी ६.९ प्रतिशत, वन तथा वातावरणसँग सम्बन्धित ४.१४ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या सम्बन्धित ३.१२ प्रतिशत र भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित ४.१० प्रतिशत उजुरी थिए ।

३.५८ प्रतिशत गृह प्रशासन, २.७१ प्रतिशत पर्यटन, उद्योग तथा वाणिज्य, २.५८ प्रतिशत ऊर्जा, जलस्रोत तथा सिँचाइ, २.५१ प्रतिशत खानेपानी तथा सहरी विकास, १.८९ प्रतिशत कृषि तथा पशुपक्षी र १.०३ प्रतिशत उजुरी सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित रहेको अख्तियारको प्रतिवेदनमा उल्लेख छ ।

नक्कली शैक्षिक प्रमाणपत्र ६.२ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जन ७.१२ प्रतिशत र अन्य निकाय र क्षेत्रसँग सम्बन्धित उजुरी ३.९ प्रतिशत आयोगमा परेका छन् । आयोगले उजुरीमध्ये १८ हजार ७९९ वटा अर्थात् ६६.९८ प्रतिशत स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फर्स्योट गरिएको जनाएको छ । जसमध्ये एक हजार १३३ वटा उजुरीको विस्तृत अनुसन्धान गरिएको, सात हजार ८६९ उजुरी तामेली गरिएको आयोगका प्रवक्ता दाहालले बताए । १५२ उजुरीको सुझाव दिई तामेली गरिएको र नौ हजार ६४५ उजुरी कानुनअनुसार अन्य आवश्यक कारबाहीका लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाएको छ ।

आयोगमा चालु आर्थिक वर्षमा प्रारम्भिक छानबिनका क्रममा रहेका नौ हजार २६८ उजुरी जिम्मेवारी सरेर आएको छ । आयोगले आर्थिक वर्ष २०७९/८० मा विस्तृत अनुसन्धान गरी आयोगमा निर्णयका लागि पेस भएका कूल ८७८ उजुरीहरूमा आयोगबाट ९३७ वटा निर्णय भएको छ । १६२ वटा आरोपपत्र दायर गरिएको हो । ६५६ वटा उजुरी तामेलीमा राखिएको प्रवक्ता दाहालले बताए । ६३ वटा निकायहरूलाई सुझाव दिइएको, २७ वटा मुल्तबीमा राखिएको र २९ वटा अन्य निर्णय गरिएको अख्तियारले जनाएको छ ।

विशेष अदालतमा दर्ता भएका १६२ वटा आरोपपत्रमध्ये ६४ वटा मुद्दा गैरकानुनी लाभहानिसँग सम्बन्धित छन् । घुस र रिसवतसँग सम्बन्धित ३२ वटा, सार्वजनिक सम्पत्तिको हानिनोक्सानीसँग सम्बन्धित २७ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी १३ वटा, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आठ वटा, राजस्व चुहावटसम्बन्धी सात वटा र विविध विषयका ११ वटा रहेका छन् ।

आयोगले आरोपपत्रहरूमार्फत ७६६ जनालाई प्रतिवादी बनाएको छ । उनीहरूबाट एक अर्ब ७७ करोड ५८ लाख ४६ हजार ४३७ रूपैयाँ बिगो मागदाबी गरेको छ ।

आयोगमा परेकामध्ये धेरै उजुरी आयोगले तामेलीमा राख्ने गरेको छ । प्रवक्ता दाहालका अनुसार तथ्य र प्रमाण नपुगेकालाई तामेलीमा राखिएको हो । 'उजुरी आएपछि प्रत्येक व्यक्तिलाई समात्ने, थुन्ने, मुद्दा दायर गर्ने भन्ने होइन । छिमेकी रिसाए र प्रतिशोधले पनि उजुरी आएका हुन्छन् । तथ्य प्रमाणका आधारमा पुष्टि भएपछि मुद्दा दायर गर्ने हो,' दाहालको भनाइ छ ।

आयोगको प्रतिवेदनमा अनियमितता गर्नेमा पुरुष कर्मचारी र जनप्रतिनिधि अधिक छन् । महिला कर्मचारी र जनप्रतिनिधि तुलनात्मक रूपमा कम छन् । आयोगले विशेष अदालतमा दायर गरेको १६२ वटा मुद्दामा ७६६ जनालाई प्रतिवादी बनाइएकोमा १३८ जना महिला छन् । बाँकी ६२२ जना पुरुष छन् । यो तथ्यांकले अनियमिततामा महिलाभन्दा बढी पुरुष संलग्न हुने गरेको तथ्य बाहिर ल्याएको छ ।

यस्तै, अख्तियारको प्रतिवेदनमा अनियमितता गर्नेमा अधिकृतस्तरका कर्मचारी धेरै रहेको उल्लेख छ। विशिष्ट कर्मचारी एक जना, अधिकृतस्तरका कर्मचारी २१४ जना र सहायक कर्मचारी १४४ जना छन् । अनियमितता गर्ने जनप्रतिनिधि (निर्वाचित र मनोनीतसमेत गरी) २०९ जना छन् । बिचौलिया १९८ जना छन् ।

# नौ हजार ९९९ किशोरीले लगाए क्यान्सरविरुद्धको खोप

■ प्रभाव संवाददाता




**काठमाडौं–** नौ हजार ९९९ किशोरीले पाठेघरको मुखमा क्यान्सरविरुद्धको 'एचपिभी' खोप लगाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत भदौ २७ गतेदेखि सञ्चालन गरेको खोप अभियानअन्तर्गत ती किशोरीले खोप लगाएका हुन् ।

स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले लक्ष्यअनुसार किशोरीहरूले एचपिभी खोप लगाएको बताए । अभियानको सुरुमा विभिन्न अवरोधका कारण खोप लगाउन नपाएपछि समय थप गरी लक्ष्यअनुसार सबै किशोरीले खोप लगाएको उनको भनाइ छ ।

भदौ ३० गतेसम्म एचपिभी खोप अभियान सञ्चालन गर्ने भनिए पनि लगातार सार्वजनिक बिदा परेपछि असोज १० गतेसम्म अभियान सञ्चालन गरिएको थियो । सरकारले यही भदौ २७ गतेदेखि मधेस प्रदेशको वीरगञ्जस्थित नारायणी अस्पताल, बागमती प्रदेशको परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा खोप अभियान सञ्चालन गरेको थियो । साथै लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँके, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालबाट पनि खोप अभियान सञ्चालन गरिएको थियो ।

अभियानअन्तर्गत १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपिभी खोप लगाइएको हो । खोपको दोस्रो मात्रा आगामी माघमा सञ्चालन गरिने शाखा प्रमुख डा. गौतमले जानकारी दिए ।

सरकारले चीन सरकारसँग महिलाको पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको २० हजार डोज खोप खरिद गरेको थियो । एचपिभी खोप दुई मात्रा लगाएपछि पाठेघरको मुखमा हुने क्यान्सरको संक्रमण ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने दाबी गरिएको छ । यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।

# म्याद सकिएको मदिरा बेच्ने स्टोरलाई जरिवाना

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले वडा नं २६ स्थित देवदास मानन्धर सञ्चालक रहेको न्यु भिम स्टोरलाई दुई लाख रूपैयाँ जरिवाना गरेको छ । सोमबार बजार अनुगमनका क्रममा उक्त स्टोरले म्याद सकिएको मदिरा बिक्री गरेको पाइएपछि जरिवाना गरिएको महानगरको कृषि तथा पशुपक्षी विभागका प्रमुख डा. अवधेश झाले जानकारी दिए ।

अनुगमनका क्रममा ठूलो परिमाणमा म्याद सकिएको मदिरा बिक्री गरेको फेला परेपछि बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ को दफा ९ अनुसार कारबाही गरिएको प्रमुख झाको भनाइ छ ।

महानगरले बजारलाई थप व्यवस्थित पार्न गत साउनमा अनुगमनका सूचक तयार गरी भदौ १ गतेदेखि नियमित अनुगमन गर्दै आएको छ । विगतका वर्षमा चाडबाडको समयमा मात्रै बजार अनुगमन गर्ने महानगरले यसवर्षदेखि केही समय अघिदेखि नै अनुगमन सुरु गरेको हो ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०६/१६ गते)

श्री कान्छा नारायण मानन्धरको नाति, श्री जीबन कुमार मानन्धरको छोरा, श्रीमती सुमित्रा मानन्धरको श्रीमान् काठमाण्डौं न.पा. वडा नं १६ बस्ने नबिन मानन्धरको मिति २०७८/०२/०५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको खुशिबुं र न्यरोड शाखामा रहेको श्री नबिन मानन्धरको खाता नं १९००१६४८०९९००००१ र ००५०२३५९६३२००००१मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा मोनिब मानन्धरले यस बैंकको खुशिबुं शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल कागज सहित यस बैंकको शाखा कार्यालय खुशिबुंमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय खुशिबुं, काठमाण्डौं फोन नं. ०१- ५३६०५७१/७२



**श्री असोक सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी गा.पा.-२, बाँके

**जरा ठुटाको बाह्य लिलाम बिक्री सम्बन्धी सुचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०६/१६ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रका समूहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का. बाँकेको च.नं. ८४० मिति २०८०/०६/०२ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित जरा ठुटा समूहमा आन्तरिक खपत भई बाँकी रहेका साल, असना, कर्मा, धौटी र सिसौंका जरा ठुटा बाह्य लिलाम सहमति बमोजिम हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सुचिकृत भएका काठ व्यवसायिहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ७ औं दिनभित्र बोलपत्र खरिद गरी ८ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ। विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

१. सालका जरा ठुटाहरु : ८६ थान २. अन्यजातका जरा ठुटाः ३५ थान
जम्मा जरा ठुटाहरुः १२१ थान



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१६**

यस कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/१० को स्वीकृति अनुरुप साविक कम्पनी **लिड एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.** ११३४८१/०६९/०७०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **एजुकेट इन्टरनेशनल नेपाल प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Pashupati HR Solution Pvt. Ltd. (ई.प.नं.१४००/०७४/०७५) मा कार्यरत Aarshi Om Shrestha (Citizenship No. 1480) र Gita Timsina (Citizenship No. 30284) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण मितिः २०८०/०५/१९ देखि राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १४००/०७४/०७५
Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **DK River Overseas Pvt. Ltd.** इजाजत नम्बरः ११०२/०७३/०७४ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| Name | Citizenship No. | Position |
|---|---|---|
| Gyatri Neupane | 453030 | Office Assistance |
| Sudha Mishra | 45-01-75-00269 | Receptionist |
| Bigendra Maharjan | 49645 | Documentation Officer |
| Laxmi Tamang | 24-10-76-0062 | Receptionist |
| Sunita Gurung | 261/13746 | Documentation Officer |

Govt.Lic. No. 1102/073/074
(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**औषधीजन्य सामाग्री खरिदको लागि ई–बिडिङ मार्फत शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०६/१६)**

यस भोक्राहा नरसिंह गाउँपालिको विभिन्न स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरूमा औषधी जन्य सामाग्रीहरू E–Bidding माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनील आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र व्यवसाय दर्ता प्रमाणपत्र (आ.व २०७९/८० सम्म नविकरण गरिएको) स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (७९/८०) लगायत कागजातहरूको प्रतिलिपी सलग्न गरी निम्न शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले तपसिल बमोजिम दरभाउपत्रको हकमा १६ औ दिन दिनको १२:०० बजे सम्म PPMO/EGP/NP मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । दर्ता भएको प्रस्तावहरू सोही दिन अपरान्ह ०२:०० बजे पछि खोलिने छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | सामानको विवरण | धरौटी रकम | बोलपत्र/दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | BNRM/H- Goods/ 01/080/081 | औषधीजन्य समाग्रीहरू | ८६०००।- | १०००।- | |

**शर्तहरू**

१. बोलपत्र/दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा बिक्री गर्ने र दर्ता गर्ने कार्य गरिनेछ ।
२. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार रित नपुगेका र समयमा दर्ता नभएका प्रस्तावहरू उपर कुनै कार्यवाही गरिने छैन बोलपत्र दरभाउपत्रमा उल्लेख भएका औषधीको परिमाण कार्यालयको आवश्यक्ता अनुसार थपघट गर्न सकिनेछ ।
३. बोलपत्र दाताले फाराम दस्तुर बापतको रकम भौकाहा नरसिंह गाउपालिका कार्यालयको नाममा रहेको लक्ष्मी बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. ०७९०३००००३४ मा जम्मा गरेको भौचर सलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।
४. बोलपत्र दाताले धरौटी वापतको रकम भोकाहा नरसिंह गाउंपालिका कार्यालयको नाममा रहेको लक्ष्मी बैंक लि. मा रहेको धरौटी खाता नं ०७९०३०००१६८ मा जम्मा गरेको भौचरको वा बोलपत्र दता गर्ने अन्तिम दिन देखि ९० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।
५. औषधी तथा सर्जिकलत साधन सामाग्रीको दर रेट पेश गर्दा VAT बाहेकको मुल्य पेश गर्नुपर्नेछ ।
६. बोलपत्र/दरभाउपत्र साथ विश्वसनिय कम्पनीका औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर भएको हुनु पर्नेछ ।
७. बोलपत्र/दरभाउपत्र पेश गर्दा कर्यालयले तोकेको समय भित्र बुझाउनु पर्ने छ ।
८. स्वीकृत बोलपत्र/दरभाउपर अनुसारको औषधी तथा समाग्रीहरू एकमुष्ट या आवश्यक्ता अनुसार पटक पटक अडर दिई खरिद गरिनेछ ।
९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।
१०. थप अन्य जानकारीको लागि भोकाहा नरसिंह गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
११. औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधीहरू मात्र खरिद गरिने छ ।
१२. Supply हुने औषधीको प्रत्येक Packing बाहिर Expire Date, व्याच न अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# शिक्षा विधेयकमाथि विज्ञ र सरोकारवालासँग राय लिइने

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले संसद्मा रहेको विद्यालय शिक्षासम्बन्धी विधेयकमाथि समितिले विज्ञ र सरोकारवालासँगको छलफल र राय लिएर आवश्यक परिमार्जन गरिने बताएका छन् ।

शिक्षा पत्रकार समाजको तेस्रो वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित कार्यक्रममा उनले सरकारले पर्याप्त गृहकार्य नगरी विधेयक ल्याएका कारण सडकमा आन्दोलन हुन पुगेको र पछि सरकारसँग सहमति भएको स्थितिमा उठेका विषय र सहमतिका बुँदाहरू विधेयकमा समाविष्ट गराउने प्रक्रियामा लाग्न आग्रह गरे ।

उनले सरोकारवालाबाट सुझाव लिई सांसदहरूले प्रक्रियाबमोजिम संशोधन नहालेमा समितिले मात्रै परिमार्जन गर्न नसक्ने स्पष्ट गरे । उनका अनुसार उक्त विधेयक सैद्धान्तिक छलफलपछि अब बस्ने प्रतिनिधिसभाको बैठकबाट दफावार छलफलका लागि समितिमा पठाइनेछ । शिक्षाको गुणस्तर र सार्वजनिक शिक्षाको श्रीवृद्धि कसरी हुन्छ भन्ने सोच विधेयकमा ल्याउन आवश्यक रहेकामा जोड दिँदै उनले कानुन र नीति तर्जुमाका सवालमा विज्ञ र सरोकारवालालाई बेवास्ता गर्न नमिल्ने बताए ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले परीक्षाको संरचनागत र पद्धतिका प्रबन्ध गर्दा स्तरीयता र विश्वका मुलुकको अनुभवलाई समेटेर कानुन बन्नुपर्ने बताए ।

उच्च शिक्षालय तथा विद्यालय संघ (हिसान)का अध्यक्ष रमेश सिलवालले प्रस्तुत विधेयकमा शिक्षक र कर्मचारीका विषय बढी समावेश गरिएको तर शिक्षाको अबको गन्तव्य कस्तो हुने भन्ने स्पष्ट नभएको टिप्पणी गरे । नेपाल शिक्षक महासंघकी अध्यक्ष कमला तुलाधरले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महासंघबीच यही असोज ५ गते भएको सहमतिलाई विधेयकमा रूपान्तरण गराउन सांसदहरूलाई आग्रह गरिन् ।

शिक्षाविद् डा. वासुदेव काफ्लेले विधेयक बारेको छलफल गर्दा आफ्ना स्वार्थका आधारमा नभई शिक्षाको आम स्वार्थका आधारमा हुनुपर्नेमा जोड दिए । शिक्षाविद् डा. बालचन्द्र लुइँटेलले संविधानले परिकल्पना गरेको समाजवादोन्मुख शिक्षाको लक्ष्य विधेयकमा समावेश नभएको जिकिर गरे ।

शिक्षा पत्रकार समाजका अध्यक्ष प्रकाश सिलवालले शिक्षामा नीतिगत सुधारका लागि खोज, अध्ययन र अनुसन्धानात्मक समाचार सम्प्रेषण गर्न प्राथमिकता दिनुपर्नेमा जोड दिए । कार्यक्रममा शिक्षासेवीलाई सम्मान र शिक्षा पत्रकारलाई पुरस्कार प्रदान गरिएको थियो ।

# चालक र सहचालकको स्वास्थ्य जाँच

**काठमाडौं (प्रस)–** सडकमा हुने सवारी दुर्घटना न्यूनीकरणका लागि गोँगबुस्थित नयाँ बसपार्कमा चालक र सहचालकको स्वास्थ्य जाँच गरिएको छ ।

ट्राफिक सप्ताह कार्यक्रमअन्तर्गत ट्राफिक प्रहरी वृत्त नयाँ बसपार्कका आयोजना तथा लोत्से बहुउद्देश्यीय प्रालि नयाँ बसपार्कको सहयोगमा सोमबार सार्वजनिक सवारीसाधनका चालक, सहचालक र कर्मचारीलाई स्वास्थ्य जाँच गरिएको हो ।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले सार्वजनिक सवारीसाधनमा कार्यरत कर्मचारीलाई स्वास्थ्य राख्नका लागि ट्राफिक सप्ताहअन्तर्गत स्वास्थ्य जाँचको कार्यक्रम राखिएको बताए । उनले सवारी चालकलाई स्वस्थ्य राख्नसके सवारी दुर्घटनामा कमी आउने विश्वास व्यक्त गरे ।

काठमाडौं महानगरपालिका-२६ का वडाअध्यक्ष ख्यामराज तिवारीले चालक जति अनुसाशित भए त्यति नै ट्राफिक व्यवस्थापनमा सहज हुने बताए। उनले ट्राफिक सप्ताहमार्फत चालक र सहचालकलाई सचेतना दिनु जरुरी रहेको बताए ।

लोत्से बहुउद्देश्यीय प्रालिका अध्यक्ष इन्जिनियर दीपक कुँवरले ट्राफिक जनचेतना एक हप्तामात्र नभई वर्षभरि दिन आवश्यक रहेको बताए । उनले नयाँ बसपार्कलाई काठमाडौं महानगरपालिका, यातायात व्यवसायी तथा मजदुरसँगको सहकार्यमा अन्तर ाष्ट्रिय स्तरको बनाउन आफूहरू लागेको जनाउँदै सो अभियानमा साथ दिन सबैलाई आग्रह गरे ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सवारी दुर्घटना न्यूनीकरणका लागि चालक स्वस्थ्य हुनुपर्ने बताए । उनले सार्वजनिक यातायात क्षेत्रमा कार्यरत कर्मचारीलाई स्वस्थ्य राख्न सकेमात्र सवारी दुर्घटनामा कमी आउने उल्लेख गरे ।

अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दीपक केसी, सिल्भर लाइन अस्पतालका डाक्टर लोकेश पुरी, ट्राफिक प्रहरी वृत्त नयाँ बसपार्कका प्रमुख राजु भण्डारीलगायतले नेपालको सार्वजनिक यातायात क्षेत्रको सुधारका लागि हातेमालो गरेर अगाडि बढ्नुपर्ने बताएका थिए ।

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतम, कोषाध्यक्ष ज्ञानेन्द्र श्रेष्ठ, सहकोषाध्यक्ष अर्जुन गौतम, बागमती प्रदेश संयोजक सुवन गिरीलगायतको उपस्थिति रहेको थियो ।

## NOC हराएको सूचना

मिति 2080-05-10 गते स्वयम्भूबाट डिल्लीबजार जाने क्रममा मेरो निम्न व्यहोरा भएको No Objection Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Alisha Maharjan**
Ref. No. **793676406**
Issued Date. **2023-03-19 (Australia)**
Address : **Kathmandu-12**
Mobile : **9860293395**

नेपाल सरकार
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोत्तरी बद्रीपुर वार्ड नं. ७ हाल जि.सर्लाही गा.वि.स. ईश्वरपुर वार्ड नं. २ मा बस्ने **हर्कमान पाखीन तामाङ्ग**लाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. सिन्धुली गा.वि.स. शि.आ. वार्ड नं. ५ हाल कमलामाई न.पा. वार्ड नं. ५ मा वस्ने अशोक ढकालको श्रीमती विद्या देवी ढकालको नाउँमा दर्ता रहेको जि.स.गा.वि.स. खैरमारा खोरा वार्ड नं. ९ (ज) कि.नं. १२७ क्षेत्रफल ०-३-६ जग्गाको मोही महलमा जिल्ला महोत्तरी इ. बद्रीपुर वार्ड नं. ७ हाल जि. सर्लाही गा.वि.स. ईश्वरपुर वार्ड नं. २ मा वस्ने **हर्कमान पाखीन तामाङ्ग**को नाम उल्लेख रहेकोमा जग्गा धनीले **जग्गा नजोतेको मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/६/१५ गतेको आदेशानुसार हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **जग्गा नजोतेको मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Nashkawi Security Services Sdn.Bhd.**
पूर्व स्वीकृति मिति २०८०/०६/१४ | LT. No.293114 | चलानी नं. ६०१८०५६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1500 | ४२,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INSPIRE INTERNATIONAL TRADING & CONTRACTING WLL**
पूर्व स्वीकृति मिति २०८०/०३/१५ | पूर्व स्वीकृति मिति २०८०/०६/१५ | LT. No. 288600 | चलानी नं. ६०२०४०५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 4 | 0 | 1100 | ३९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 12 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 3 | Labour | 6 | 2 | 1000 | ९०,०७० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1100 | ३६,०३० | | | | | | | |
| 5 | Painter | 4 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 6 | Reinforce Fitter | 1 | 0 | 1500 | ३९,६३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क।-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७
**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## Ramechhap Municipality
## Office of the Municipal Executive

Ramechhap Bazar, Ramechhap
Bagamati Pradesh, Nepal

**Invitation for Bids**

**Date of First Publication: 2080/06/16**

1. Ramechhap Municipality invites electronics bids from eligible bidders under the following contracts under National Competitive Bidding–Single Stage single Envelope Bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Estimated amount (Without VAT and Contingencies) in NRs | Minimum Bid Security Amount in NRs/ Validity Period | Cost for bid documents in NRs |
|---|---|---|---|---|
| RM/ 03/080-81 | Upgrading Deurali Gothgaaun Sanghutar Road | 1,53,09,690.41 | Nrs. 3,80,000 120 days | NRs. 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ramechhap Municipality. Website: www.ramechhapmun.gov.np & Phone No. 048-400012/16.
3. A complete set of bid document for bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office account as specified below .
   **Name of the Bank**: Rastiya Banijya Bank, **Office Account no**: 1020100301010002(For Bid Document), **Office Account no**: 1020100303000002 (For Bid Security deposit).
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2080-07-16 along with copy of voucher of bid security deposit. Bids received after this deadline will be rejected. And the bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2080-07-16 at the office.

**Chief Administrative Officer**

## नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अर्न्तगत महाविद्यालयको लागि आवश्यक फर्निचर, मेशिनरी औजार र मेडिकल पुस्तकहरुको खरिद सम्बन्धि बोलपत्र/सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(**प्रथम पटक प्रकाशित मिति २०८००/०६/१६ गते** )

१. नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अर्न्तगतका महाविद्यालयहरुमा आ.व.२०८०/८१ को लागि आवश्यक पर्ने फर्निचर, मेशिनरी औजारहरु र विभिन्न मेडिकल पुस्तकहरुको e-GP System को माध्यमबाट ठेक्का लिई आपुर्ति गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट यो बोलपत्र/**सिलबन्दी दरभाउपत्र** आह्वान गरिएको छ ।

**बोलपत्रको विवरण**

| ठेक्का नं. | ठेक्का | बोलपत्र/सिलबन्दी दरभाउपत्र जमानत अंक ने.रु. | बोलपत्र/सिलबन्दी दरभाउपत्र दस्तुर.रु. | बिड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| NAWF/NAIHS/ GOODS/ BKHL/2080/081/24 | फर्निचर | ७०,०००/०० | ३,०००/०० | २०८०/०७/१६ १२:०० बजे | २०८०/०७/१६ १३:०० बजे |
| NAWF/NAIHS/ GOODS/ BKHL/2080/081/25 | मेशिनरी औजार | ३२,०००/०० | १,०००/०० | २०८०/०७/०१ १२:०० बजे | २०७९/०७/०१ १३:०० बजे |
| NAWF/NAIHS/ GOODS/ BKHL/2080/081/39 | विभिन्न मेडिकल पुस्तक | ७०,०००/०० | ३,०००/०० | २०८०/०७/१६ १२:०० बजे | २०८०/०७/१६ १३:०० बजे |

२. माथि उल्लेखित ठेक्का "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०८०" अनुसार www.bolpatra.gov.np/egp सिष्टमबाट बिड गर्नु पर्नेछ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL**
पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ | LT. No. 284813 | चलानी नं. ६०२००२७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL**
पूर्व स्वीकृति मिति २०८०/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ | LT. No. 291195 | चलानी नं. ६०२०६४०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## रोमानिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MYMATEOO STAR SRL**
पूर्व स्वीकृति मिति २०७९/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ | LT. No. 264572 | चलानी नं. ६०१८०८०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Floor layers and tile setters | 10 | 0 | 550 | ५३,३९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General helper | 10 | 0 | 550 | ५३,३९० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ५०,०००

कम्पनी : **ESTEEM FIRST TRADING AND CONTRACTING CO**
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293256 | चलानी नं. ६०२०८४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 1 | 0 | 2500 | ९१,६२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1100 | ४०,३१५ | | | | | | | |
| 3 | Storekeeper | 1 | 0 | 1900 | ६९,६३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | १०,०००।- |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal
Tel : +977-1-4385544, E-mail : shuvamoves123@gmail.com
Website : www.shuvamoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **STEP FURNITURE MANUFACTURER SDN. BHD.**
पूर्व स्वीकृति मिति:२०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/०६/१५ | चलानी नं.६०१८१९४९ | LT. No.265970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# पशुपतिकै सामुन्ने भ्रष्टाचार

देशको शासन र प्रशासन सञ्चालन यति झुर छ कि जनमानसमा चलेको एउटा भनाइबाट पुष्टि हुन्छ– देश पशुपतिनाथको कृपाले चलेको छ । तर, पशुपतिनाथकै सामुन्नेमा शासक र प्रशासकले खुलेआम भ्रष्टाचार गरेका छन् । पशुपतिमा भेटी र सुन गायब हुने पटकपटकको व्यथा नै हो । तर, यसपालि भने सरकारले नै चढाएको जलहरीमा भ्रष्टाचार भएको हो ।

पशुपतिमा भएको भ्रष्टाचारबारे छिनोफानो गर्न अख्तियार नै लाग्नुपर्‍यो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पशुपतिनाथ मन्दिरमा राखिएको सुनको जलहरीमा भ्रष्टाचार भएको निष्कर्ष निकालेको हो । अख्तियारले पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापा, तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल र स्टोर किपर अरुणकुमार श्रेष्ठविरुद्ध आइतबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले उनीहरूविरुद्ध एक करोड १७ लाख एक हजार ७८१ रूपैयाँ बिगो मागदाबी गरेको छ । गत जेठमा थापाले संसदीय समितिसामु आफूले जलहरीमा भ्रष्टाचार गरेको भए मृत्युदण्ड दिए पनि हुने भन्दै आफूहरूलाई विश्वास गर्न आग्रह गरेका थिए । आफूलाई यो प्रकरणका कारण आत्महत्या गर्नुपर्ने र समाजमा बेइज्जत भएको त्यतिबेला बताएका थिए ।

तर, अख्तियारले १०७ किलो हुनुपर्ने सुन जम्मा ९६ किलो ८२२ ग्राममात्र भेटिएको जनाएको छ । कोषले १० किलो ९७६ ग्राम सुन रिङ बनाएर चढाइएको दाबी गरेको थियो । उक्त परिमाणको सुनको तत्कालीन बजार मूल्य भनेका सात करोड ८६ लाख ४ हजार बराबर हो । अख्तियारले खोजबिन गर्दा भने रिङ नै फेला परेन । संघीय संसद्मा यसबारे माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले बोल्दा एमाले सांसदले संसद् नै अवरोध गरेको थियो । दाहालले सुन लगाउनुपर्नेमा जलहरीमा 'पित्तल'लगाएको आरोपपछि सदनमा विवाद चर्कंदा प्रधानमन्त्री पुष्पकमल दाहालले जलहरी काण्डमा पूर्वप्रधानमन्त्री ओलीको संलग्नता नभएको प्रस्टीकरणसमेत दिनुपरेको थियो ।

यसरी देशैमाथि कृपा गर्ने पशुपतिकै अगाडि भ्रष्टाचारमा नांगिएका छन्, कर्मचारीहरू । हुन त १० किलो सुन गायब पार्न पक्कै पनि तीनजनामात्र संलग्न छैनन् होला । सेटिङ संस्कृति भित्रिसकेको अवस्थामा राजनीतिक व्यक्तिदेखि अरु मानिसहरू पनि यो प्रकरणमा संलग्न हुनुपर्छ । देश सन्तुलित ढंगले चल्न सुशासन हुनुपर्छ । यसका लागि नियम कानुन कडा बन्नुपर्छ । अहिले पनि सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा कानुन नबन्दा भ्रष्टाचारका घटनाहरू बढिरहेका छन् । यसले एक त युवा जमातलाई देशमा बसिरहेन जाँगर चल्दैन भने विदेश गएर पनि फर्कन मन लाग्दैन । यस्तो घटना बढ्दा नेपालको अन्तर्राष्ट्रिय छवि पनि बिग्रँदै जान्छ । यसैले भ्रष्टाचारजन्य प्रकरण, तस्करी प्रकरणमा शीघ्रतीशीघ्र कडा कानुन बनोस् र कार्यान्वयन होस् ।

# 'जीवन्त सम्बन्ध' को गहिराइमा



कृष्ण अधिकारी

आज बाबुआमा, सन्तान, आफन्त, इष्टमित्र, समाजबीच दूरी बढ्दो छ । यसले मानिसको जीवनलाई नराम्ररी प्रभावित पारेको छ । यो पुस्तक पढेपछि जो कोहीले पनि आफ्नो जीवनको घटनाका माध्यमबाट आफैंलाई पात्र देख्न सक्छ । आफैंले अनुभूत गर्छ कि लेखकको सोच गलत छ कि सही । पाठकका मनमा अनेक प्रश्न उब्जन्छ र आफैंले त्यसको उत्तर पुस्तकमा भेट्टाउँछ । मानिस अर्बौंको सम्पत्ति, नाम, इज्जत हुँदा पनि यसले आफूलाई एक्लो, सहाराविहीन पाउँछ, सन्तानलाई कसरी हुर्काएछौं भन्ने बोध हुन्छ ।

जीवनको अर्थ के हो, कसरी जीवनमा उद्देश्य, पूर्णता र सन्तुष्टि पाउन सकिन्छ, जीवनमा सम्बन्धले कस्तो प्रभाव पार्छ ? धेरै मानिसले यी र यस्तै प्रश्नका खोजीमा आफ्नो सम्पूर्ण जीवन केलाउन खोज्छन् तर कमैले मात्रै त्यसका गहिराइमा पुगेर वास्तविक अर्थ पहिल्याउँछन् । कतिले जीवनको अन्तिम क्षणमामात्रै त्यसको अर्थको भेउ पाउँछन् तर त्यतिबेला उनीहरूको सम्बन्ध टुटिसकेको हुन्छ र ती आफूलाई रित्तिएको महसुस गर्छन् ।

हाम्रो समाजमा मानिसहरू अनेकौं कुराको पछि लाग्छन्, लोभलालच, ईर्ष्या, प्रतिस्पर्धाले उनीहरूभित्रको जीवनको रहस्यलाई विकृत बनाएको हुन्छ । मानिसले व्यापारिक सफलता, धनसम्पत्ति र मनोरञ्जनका खोजीमा भौंतारिँदा असल सम्बन्धहरूलाई लत्याइरहेको हुन्छ, चाहे त्यो सम्बन्ध बाबुआमा, श्रीमान्श्रीमती, छोराछोरी वा परिवारका अन्य सदस्य, आफन्तजन, छरछिमेक वा अन्य शुभचिन्तकसँग किन नहोस् । जीवन्त सम्बन्धलाई धेरैले चिन्न नसक्दा तिनको जीवन गहिरो शून्यतातर्फ धकेलिएको छ र ती रित्तोपनको भावनाले निराशा, एकलोपन, अभाव र मूल्यहीन जीवनका भड्खालोमा आफूलाई उत्रिन नसक्ने गरी फसेको पाउँछन् ।


जगत्मा धेरै थोरै मानिसले मात्रै जीवनको सही अर्थ बुझेका हुन्छन् । तिनले भौतिक उपार्जनलाई भन्दा जीवन्त सम्बन्धलाई मुख्य देख्छन् र जुनसुकै पेसा, व्यवसायमा संलग्न रहेर पनि जीवनको सागरमा आफूलाई तैराउन सक्छन् । अर्काको रोग, पीडा, अभाव र मृत्युलाई नजिकबाट देखेको एउटा चिकित्सक जो यो अवस्थाबाट आफैं गुज्रिन पुग्छ, ऊ त्यतिबेला जीवनको सही अनुभूति गर्न सक्छ र त्यसलाई अक्षरका माध्यमबाट बाहिर ल्याउँछ भने त्यो समाजको विम्ब बन्छ ।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिलले आफ्ना पिताको असामयिक निधनपछि आफ्ना मनमा छचल्किएको भावनालाई 'जीवन्त सम्बन्ध' शीर्षक पुस्तकमा उतारेका छन् । कुनै भौतिक उपलब्धिबाट मान्छेलाई सुख अनुभूति भए पनि त्यसको आयु लामो हुँदैन । जीविकोपार्जनका लागि भौतिक वस्तु, सुखसुविधा जरुरत परे पनि त्यही प्राप्तिलाई सम्पूर्ण जीवन ठानेर पिछा लाग्दा न त त्यसको कुनै पूर्णविराम नै हुन्छ, बरु दौडदा-दौडँदै समयले हामीलाई धेरै पर धकेलिसकेको हुन्छ अर्थात् हामी जीवनको उत्तरार्द्धमा पुगिसकेका हुन्छौं । त्यतिबेला बल्ल हाम्रो चेत खुल्छ, धनसम्पत्ति र सफलताले मात्र त सन्तुष्ट नदिने रहेछ । मानिस बेचैन भएर किन मर्छ, जति वृद्ध हुन्छ, त्यति बाँच्ने चाहना बढ्छ । यही कुरालाई उनले आफ्नो पुस्तकमा खोतलेका छन् । पुस्तकमा सम्बन्धहरूको गहिराइलाई केलाइएको छ । व्यक्तिको कर्तव्य, सोच र दायित्वलगायत विषयमाथि केन्द्रित हुँदै मानिसको सोचमा सकारात्मक परिवर्तन ल्याउन सक्ने विश्वास लेखकको छ ।

जीवनमा खुसीका दुई प्रमुख स्रोत भौतिक र भावनात्मक पक्षलाई अर्थ्याउँदै उनी भन्छन्, 'भौतिक खुसी वा सुखको सीमाको कम आयु हुन्छ । भावनात्मक सुख असीमित र चिरकाल हुन्छ । सांसारिक मानिस भौतिक सुखको प्रलोभनमा पर्छन् किनकि यो सुख आवरणीय हुन्छ तर ज्ञानीहरू भौतिक सुखबाट चाँडै तृप्त भएर भावनात्मक सुखका मार्गमा अग्रसर हुने गर्छन् । उनीहरूले जीवनलाई गहिराइमा बुझेका हुन्छन् तथा आफूलाई चिनेका हुन्छन् । अन्तर्मनको खुसी उनीहरूको प्राथमिकतामा पर्छ ।'

पुस्तकमा सकारात्मक सोचका साथै सामाजिक रूपान्तरण, पारिवारिक दायित्व एवं पेसागत जिम्मेवारीलाई सँगै कसरी अघि बढाउने भन्ने विषयमा पनि थुप्रै प्रसंग उल्लेख गरिएको छ । दुनियाँमा धेरै जना आफूसँग भएका कुरालाई बुझ्न नसक्दा र मनन गर्न नसक्दा बढी दुःखी हुने गरेका छन् । त्यसैले जीवन र सम्बन्धलाई समयमै बुझ्न आवश्यक रहेको उनको ठम्याइ छ । वास्तवमा सम्बन्धले व्यक्तिगत जीवनलाई चराचर जगत्सँग जोड्ने अवसर प्रदान गर्छ । यसबाट मानिसले भावनात्मक सुखको प्राप्ति सँगसँगै आफ्नो जीवनलाई उद्देश्यपूर्ण बनाउन सक्छ । सम्बन्धले व्यक्तिलाई सन्तुष्ट हुन पनि सिकाउँछ । यसले मानिसमा त्याग, समर्पण, प्रेम, कर्तव्य आदि गुणको विकास गराउँछ । त्यसैले सम्बन्ध बुझ्नु भनेको जीवन बुझ्नु हो, बोधयुक्त जीवन बाँच्नु हो तथा जीवनको सार्थक गन्तव्य पहिचान गर्नु हो । जीवनमा भौतिक सुखमा मात्र रमाउने होइन, सम्बन्धलाई परिचालन गर्न सक्नुपर्ने उनको सुझाव छ ।

वरिष्ठ चिकित्सक डा. अनिलको १० वर्षअघि पेसागत जीवनको सुरुआतकालमा लेखिएको 'म पनि डाक्टर' भन्ने पुस्तक पाठकहरूका माझ लोकप्रिय बनेको थियो । सो पुस्तक स्वस्थ रहन र रोगबारे सरलरूपमा जानकारी लिन निकै उपयोगी छ । प्रस्तुत दोस्रो पुस्तकले व्यक्तिको कर्तव्य, सोच र दायित्वलगायत विषयमा तत्त्वबोध गराएको छ । जीवन सम्बन्ध, संस्कार, संस्कृति, पारिवारिक सम्बन्ध, संघर्ष, सन्तानद्वारा आमाबुबाको हेरचाह, सफलता, असफलता, सुखदुःख र पीडालगायत विषयमाथि संस्मरणात्मक शैलीमा यो पुस्तक लेखिएको छ ।




तीन वर्षअघि बुबाको मृत्युपछि जीवन र सम्बन्धलाई हेर्ने र सोच्ने तरिका नै परिवर्तन भई सोही कुराले उनलाई पुस्तक लेख्न प्रेरित गरेको हो । कृतिमा सामाजिक रूपान्तरण, पारिवारिक दायित्व एवं पेसागत जिम्मेवारीलाई निर्वाह गर्न सकिने विषयवस्तु समेटिएका छन् । बुबाको मृत्युपछि जीवनमा पारिवारिक सम्बन्धको अर्थ कति हुने रहेछ भन्ने आफूले बुझ्ने मौका पाएको र त्यसैलाई पुस्तकमा उतार्ने प्रयास गरेको उनको भनाइ छ । आफूले धेरै बिरामीको ज्यान जोगाए पनि आफ्नै पितालाई बचाउन नसकेकामा भावुक हुँदै जीवन के हो भन्ने वास्तविकतालाई बुझेपछि नै लेख्न उत्प्रेरणा जागेको उनी बताउँछन् । आफूले सामाजिक सञ्जालमा राखेका सवालमा सर्वसाधारणले राखेका विचारले पनि पुस्तक लेख्न सजिलो भएको उनको भनाइ छ ।

मुटुरोग विशेषज्ञका रूपमा धेरै बिरामीको मुटु छामेका उनले मुटुमात्र नभएर मानिसको मन, मस्तिष्क तथा आर्थिक र सामाजिक परिवेश पनि बुझ्ने मौका पाएका छन् । आफूलाई चिकित्सक भएर मात्रै नभएर समाजको एक सर्वसाधारण व्यक्तिका रूपमा उभ्याएर हेर्दा देखेको दुनियाँको मनस्थितिलाई पनि उनले पुस्तकमा उतारेका छन् । पछिल्लो समय मानिसले काम र पैसाका लागि परिवारलाई समय दिन सकिरहेको छैन । परिवारमा बाबुआमा, छोराछोरी, नातिनातिनाबीचका सम्बन्धमा दरार आएको छ । सबैका कुण्ठा छन्, अभाव महसुस गर्छन् । मानिसमा सम्पूर्ण कुरा छ र पनि ऊ खुसी हुन सकिरहेको छैन । जीवनमा के पेसामात्रै सम्बन्ध हो, करिअरमात्रै सबथोक हो भन्ने प्रश्नमा रुमल्लिँदै त्यसभन्दा पनि पर जीवन छ भन्ने देखाउन नै आफूले पुस्तक लेखेको उनी बताउँछन् ।

आज बाबुआमा, सन्तान, आफन्त, इष्टमित्र, समाजबीच दूरी बढ्दो छ । यसले मानिसको जीवनलाई नराम्ररी प्रभावित पारेको छ । यो पुस्तक पढेपछि जो कोहीले पनि आफ्नो जीवनको घटनाका माध्यमबाट आफैंलाई पात्र देख्न सक्छ । आफैंले अनुभूत गर्छ कि लेखकको सोच गलत छ कि सही । पाठकका मनमा अनेक प्रश्न उब्जन्छ र आफैंले त्यसको उत्तर पुस्तकमा भेट्टाउँछ । मानिस अर्बौंको सम्पत्ति, नाम, इज्जत हुँदा पनि यसले आफूलाई एक्लो, सहाराविहीन पाउँछ, सन्तानलाई कसरी हुर्काएछौं भन्ने बोध हुन्छ ।

आफ्ना सन्तानलाई विदेश पठाउन खोज्ने अभिभावक अहिले दुःखी छन् भने विदेश जानेहरू पनि सुखी छैनन् । परिवारबाट टाढा रहँदा जस्तोसुकै भौतिक सम्पन्नता भए पनि नजिकको आत्मीयता पाउन सकिँदैन । धन-दौलत, घर-गाडी, ऐश-आराम, मोज-मस्तीले पनि मानिसलाई आनन्द दिँदैन । यी कुरा प्राप्ति हुने क्षणसम्म आइपुग्दा मानिसले आफ्नो समय, स्वास्थ्य, सम्बन्ध, सुख धेरै कुरा गुमाइसकेको हुन्छ । आर्जन गरेको कुराभन्दा गुमाएको कुराको हिस्सा ठूलो हुन्छ, जसको कुनै लेखाजोखा नै गर्न सकिँदैन । मानिस तब मात्र सुखी रहन्छ, जब उसको पारिवारिक जीवन पूर्ण हुन्छ । परिवार, इष्टमित्रसँगको प्रेममय सम्बन्धले कहिल्यै एक्लो महसुस हुन पाउँदैन । आफ्ना आमाबुबा, छोराछोरी, श्रीमान्-श्रीमती, भाइबन्धुसँग नजिक हुनु र एकापसमा मित्रवत् सम्बन्धका साथ बाँच्नुले नै जीवनमा मिठास ल्याउँछ र त्यसले जीवनलाई आनन्दमा पुऱ्याउँछ । त्यसभन्दा ठूलो जीवन्त सम्बन्ध केही हुँदैन भन्ने नै पुस्तकले सन्देश दिएको छ ।

डा. अनिलले विभिन्न अभियान सञ्चालन गर्दै आएका छन् । सामाजिक सञ्जालमा ठूलो संख्यामा फ्यान र फलोअर्स भएका उनलाई सेलिब्रेटी डाक्टरका रूपमा पनि चिन्ने गरिन्छ । उनले बुवाको मृत्युपछि उनीजस्तै ज्येष्ठ नागरिकका लागि निःशुल्क उपचार गर्न सकियोस् भनेर डा. ओम फाउण्डेसन स्थापना गरेका छन् र पुस्तक बिक्रीबाट आउने रकम दुःखी र असहाय ज्येष्ठ नागरिकको उपचारमा खर्च गर्ने उनको योजना छ ।

समीक्षा पब्लिकेसनले वितरण गर्ने पुस्तक काठमाडौं उपत्यकाभित्र निःशुल्क होम डेलिभरीको व्यवस्था गरिएको छ । विभिन्न सुपर स्टोर एवं कफी सप तथा क्याफे आउटलेटहरूमासमेत पुस्तक उपलब्ध छन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको प्रणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु । क्रमशः




वैकुण्ठ भण्डारी



# घुम्ने कुर्सीमा साइँदुवा

आहा ! कत्ति मज्जाले घुम्ने कुर्सी रैछ । लच्किँदो पनि रहेछ । टिके नियुक्ति पाएलगतै जिम्मेवारी सम्हाल्न पुगेको हर्केले सरकारी कुर्सीमा बस्नासाथ फुस्एिको बोली । वरपर त्यही कार्यालयका हनुमानहरू थिए । हर्केसँगै थियो अर्को पावरवाला चश्माधारी फुर्के प्रशासक ।

हर्केको आहा ! शब्दले फर्के प्रशासकको मन फुरुङ चरी उडेजस्तै उड्यो । दंग पर्दै, चश्मा यसो नाकको डाँडीमा सार्दै फुर्केले भन्न थाल्यो, 'श्रीमान्, यो हजुरका लागि आजै मात्र जिन्सीबाट झिकाएको । हजुरको कोठामा अत्तर पनि छरिदिएको छु ।' दायाँ कुनामा देखाउँदै, त्यो गुलाफको फूल नक्कली हैन हजुर नर्सरीबाट ल्याएको । त्यो चाहिँ हप्तै पिच्छे फेरिन्छ । अनि यो चाहिँ बास्ना आउने इन्द्रकमलको फूल हजुरलाई मन पर्छ भनेर 'महारानी' ले तार चिट्ठीमा भन्नु भाकाले । ठीक छ नि हजुर । यति भएपछि ।

चश्माधारी फुर्के प्रशासकको गणेशाय नममा दंग परेका हर्के मुस्कुराउँदै भन्छ, 'ठीकै छ, यो नयाँ चाहिँ नकिनेकै भए हुन्थ्यो, पुरानैले काम चलाएको भए भइहाल्थ्यो नि । सोध्दै नसोधी किनिहाल्नुभएछ । ठीक छ ।'

मुस्कुराउँदै प्रशासक फुर्के भन्छ, 'हैन हजुर यो त सिस्टम हो । पुरानो श्रीमान् बसेर गएपछि नयाँ श्रीमान्लाई नयाँ नै चाहियो नि होइन र हजुर ?

ए ठीकै हो । कसको ग्रहदशा के हुन्छ के था ? ठीकै गर्नुभो ।

फुर्के प्रशासकसँग नेपाली फाइल बाँया हातको काखीमा च्यापेर बसेको टंकेश्वरले नयाँ घुम्नेकुर्सीमा बसेका साइँदुवालाई बिन्ती गर्छन् । घरमा महारानीका लागि कुन सवारी पठाउँ हजुर ? रातो कि सेतो ? दुवै नयाँ नै हुन्, अस्ति भर्खर टेण्डरबाट आएको । साइँदुवाले दुवै हातमा लड्डु भनेजस्तो । आउन पाको छैन सुविधै सुविधा । केही घण्टा अधिसम्म हर्केकी स्वास्नी केही घण्टा पछि नै 'महारानी'मा परिणत । उसका कानले दिव्य वच मात्र सुन्न पाएका छन् ।

कार्यालयको ढोकाबाहिरदेखि नै एउटा लस्कर छ । सयपत्री फूलमा जरी मिसाएर उनेका माला हर्केलाई लगाउन आतुर छन् । सबैको मुहारमा यति खुसी देखिएको छ कि मानौं १९५० को सन्धिमा गुमेको 'अखण्ड नेपाल' नै जितिसक्यौं ।

हर्के मनमनै फुरुंग छ । साला ! यो गणतन्त्र त्यसै त कहाँ ल्याका रैछन् र ? म जाबो हर्केले एउटा नियुक्ति पाउँदा त यस्तो बिध्न छ । यो भन्दा ठूलो पद पाउनेहरूको अवस्था के हुन्छ ? टुँडिखेलमा सुकिलामुकिला भन्दै कुर्लेका छविलाल हुन् किन मान्छेको भीड हेरेर उखानको रस स्वाद पस्कने खड्गप्रसाद किन छाड्थे पद । त्यसै भकभकेलाई फेरि पनि प्रधानमन्त्री चाहिया रैछ र बल्ल पो कुरा बुझ्दै छु । हर्के एकोहोर भित्तामा टाँगिएको सहिदहरूको फ्रेममा हेरेर टोलाउँछ ।

हर्के टोलाएको देखेर वरपरका गणेशहरू मुखामुख गर्छन् । चश्माधारी फुर्के प्रशासक देब्रे हातले आफ्नो नाकको डाँडीमा अड्काएको चश्मा अलि माथि सारेर नयाँ साइँदुवालाई तलदेखि माथिसम्म नियाल्छन् । अनि मुख मिठ्याउँदै भन्छन्, 'के भो हजुर' ?

प्रशासकको आवाजले झस्किँदै हर्के भन्छन्, सहिदहरूको नाममा एकछिन 'मौनधारण' गरेको ! कुर्सीमा बस्नुभन्दा पहिले उनीहरूलाई स्मरण गर्नुपर्‍यो नि ! उनीहरूकै बलिदानबाट प्राप्ति उपलब्धि पो हो त । हर्केको कुरामा सहमत जनाउँदै टकेश्वरले बोली फुटाउँछ । हो हजुर उनीहरूसँग हजुरहरूले निक संघर्ष गर्नु भएको थियो र पो आजको दिन आयो त ।

टंकेश्वरले च्यापेको फाइल तान्दै फुर्के प्रशासकले टेबलमा राख्छन् । हजुर अव पदबहाली गरेपछि पहिलो एउटा साधारण टिप्पणीमा सदर गर्नु पर्छ हजुर । रेकर्ड फाइल भित्रको नेपाली कागजमा लेखेको टिप्पणी बुझाएको जस्तै गरी फुर्केले फुर्काउँछ ।

हर्केले पढ्न त के भ्याउने उनै फुर्केलाई के गर्नुपर्ने हो भन्दै सोध्छ ।

केही छैन हजुर कर्मचारी कै साधारण सेवा सुविधाको कुरा छ । हजुरले सदर लेखिदिए हुन्छ । रातो कलम थमाउँदै फुर्केले भन्छ । हर्के सदर लेखेर हस्ताक्षर गर्छ ।

भयो हजुर यत्ति भए । अब हजुरलाई शुभकामना दिन साथीहरू कुर्न भएको छ त्यो सक्यौ अनि हजुरको निर्देशन चाहियो । फुर्केले अझ प्रस्टयाउँछ ।

फुर्केले भनेजस्तै हर्केले कार्यालयमा कार्यरत गणेशजीहरूको शुभकामना लिन्छन् र निर्देशन दिन्छन् । 'हेर्नुस् हामीहरू 'घिउ खान्या र दूध खान्या' कामलाई आजैदेखि बन्द गर्नुपर्छ, बुझ्नु भो नि ? धेरैले त्यही विषयमा चिन्ता गरेका छन् । यो कार्यालय त्यही कारण पनि बद्नाम भएको छ । त्यसकारण तपाईंहरू जे सुकै भन्नुस्, आजबाट कुनै पनि नगद वा जिन्सी उपहार लिन छाड्नुस् । त्यस्तो थाहा भयो भने राम्रो हुने छैन । विगतमा जे भयो भयो । अब नयाँ जोशका साथ सहिदको सपना साकार पार्नु पर्दछ ।

नाक डाँडीमा अड्काएको चश्माको थोरै माथि आँखा पारेर फुर्केले थप्छ, हजुरको निर्देशनअनुसार नै कार्यालय बढ्छ हजुर । केही चिन्ता मान्नै पर्दैन । सरकारले तलब दिएको छ । सेवा सुविधा दिएको छ । हामी त धेरै भाग्यमानी छौं हजुर ।

फुर्केको कुरासँग हर्के सबैलाई आ-आफ्नो कार्यकक्षमा गएर काम गर्न निर्देशन दिन्छन् । सबै बाहिरिन्छन् । अब फुर्के प्रशासक र हर्केमात्र छन बन्द कोठामा । फुर्केलाई केही भनौ भनौ लागिरहेको छ । हर्केलाई पनि केही सोधौं सोधौं भइरहेको छ । दुवै एक अर्काको मुखामुख गर्छन् । अनि हर्केले फुर्केलाई भन्छ, 'केही सोध्नु खोज्नुभएको हो ?'

भन्न मिल्ने हो कि नमिल्ने हो हजुर ? फुर्केको शब्द निस्कन्छ ।

भन्नुस् भन्नुस् किन नमिल्ने ? हर्केले भन्छ ।

फुर्के आँट गरेर भन्छ, 'हजुरको निर्देशन अलि कडा भयो कि भनेर । अब बिरालोलाई दूध नखा भनेर नि हुन्छ त हजुर ? यहाँ आउनेहरू कसरी आउँछन् भन्ने कुरा त हजुरलाई पनि थाहा होला नि ?

फुर्केको कुरा सुनेपछि हर्के सम्झाउँछन् ।

तपाइँ पनि कस्तो मान्छे । त्यो भाषण गर्ने बेला भन्ने कुरा पो त ! यहाँ सुन्नुस् म हरेक बैठकमा घिउ खान्या र दूध खान्या छोड्नुस भन्छु । तर तपाईंहरूले हरेक फाइलमा 'सिस्टम' को कुरा सधैं बेलुका मलाई बुझाउनुहोला त्यहीअनुसार तपाईंले 'सर्कुलर' गर्नु । बेलुका सम्भव नभए भोलिपल्ट बिहान मर्निङ वाकमा विशेष बैठक बसौंला ।

फुर्के प्रशासक दंग पर्छ र भन्छ, हुन्छ हजुर । हजुरको निर्देशन शिरोधार्य छ । 'सिस्टम इज सिस्टम' हजुर अब हाम्रो कार्यालयमा कुनै पनि किसिमको भ्रष्टाचार हुन दिने छैन हजुर । विगतदेखि चल्दै आएको 'सिस्टम' मा थप मजबुत बनाउनेछौं ।

आखिर छेपारो रंग त फेरि हाल्छ नि । 'कुर्सीमा साइँदुवाहरू' !

# ‘खाडीमा रहेकालाई देशमा फर्काउने अभियान’

**हेटौंडा (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासनका माध्यमबाट युवालाई स्वदेशमै रोजगारी उपलब्ध गराउने वातावरण सिर्जना गर्ने बताएका छन् ।

हेटौंडास्थित रेडियो सन्देश, निकास साप्ताहिक र थाहा नेपालको संयुक्त वार्षिकोत्सवको सोमबार उद्घाटन गर्दै उनले वर्तमान सरकारले युवालाई स्वदेशमै रोजगारी उपलब्ध गराउने अभियान सुरु गर्ने बताए ।

देशलाई भ्रष्टाचारले खोक्रो बनाएका कारण पनि समृद्धिका लागि सुशासन अनिवार्य रहेको उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले यस अभियानमा साथ र सहयोग गरिदिन आग्रहसमेत गरे । राजनीतिक परिवर्तनको अभियान खाडीमा रगत पसिना चुहाउनेलाई देशमा फर्काउनु रहेको उनको भनाइ छ । गृहमन्त्री श्रेष्ठले भने, ‘ हामी सुशासनको अभियान अगाडि बढाउँदै समृद्धिको बाटोमा निरन्तर लागिरहेका छौं ।’

राष्ट्रका लागि गरेको योगदानका आधारमा दिने पदक निश्चित व्यक्तिको चलखेलमा सिफारिस हुने गरेको अवस्थालाई तोडेर पदकको मूल्यांकन उच्च राख्नका लागि तत्काल रोक्ने निर्णय गरिएको उनले जानकारी दिए । गृहमन्त्री श्रेष्ठका अनुसार पदक लिनेले किनेको जस्तो र सिफारिस गर्नेले बेचेको जस्तो अवस्था देखिएकाले पदकको गरिमा नै आँच आउने देखिएकाले यस्तो निर्णय गरिएको हो ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले कानुनी समस्याका कारण १०० वाटको रेडियोलाई प्रदेश सरकारले समेट्न नसकेको बताउँदै प्रदेश सरकार सञ्चारमाध्यमको विकासका लागि हरदम तयार रहेको बताए । उनले सञ्चारमाध्यमलाई नियमनसँगै उत्कृष्टताका लागि प्रोत्साहन गर्ने बताए ।

बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले वर्तमान सरकारले सुशासनका लागि चालेको कदम स्वागतयोग्य रहेको बताइन् । उनले पेट्रोलियम पदार्थमा गरिएको मूल्य अभिवृद्धि फिर्ता लिएर जनतालाई राहत दिएको भन्दै सरकारलाई धन्यवादसमेत दिइन् । सबैले आफ्नो स्थानबाट कर्तव्यको पालना गरेमा सुशासन कायम गर्न सकिने मन्त्री मोक्तानको विश्वास छ ।

बागमती प्रदेश सरकारले पनि सुशासन कायम गर्दै प्रदेशलाई समृद्ध बनाउने योजनासहित अगाडि बढेको बताउँदै उनले अब प्रदेशमा युवालाई स्वरोजगार बनाउनेतर्फ प्रदेश सरकार लागेको जानकारी दिइन् ।

# राईलाई मानार्थ विधावारिधि



**काठमाडौं (प्रस)–** विश्व कीर्तिमानी रक्षकुमार राईले घानाको वेविक विश्वविद्यालयबाट मानार्थ विद्यावारिधिको उपाधि पाएका छन् । विभिन्न विधामा विश्व कीर्तिमान बनाएका राई उक्त विश्वविद्यालयबाट मानार्थ विद्यावारिधि पाउने पहिलो नेपाली बनेका छन् ।

आइतबार भारतको जयपुरस्थित राजस्थान इन्टरनेसनल सेन्टरमा आयोजित समारोहमा उपाधि प्रदान गरिएको थियो । सोही समारोहमा उनले थप दुई विश्व कीर्तिमानसमेत कायम गरेका छन् । किंस बुक अफ वर्ल्ड रेकर्ड र अयाक्स कुलिसिप वर्ल्ड रेकर्डस्मा छुट्टाछुट्टै विधामा विश्व कीर्तिमान कायम गरेका हुन् । यसअघि राईले चारवटा विश्व कीर्तिमान बनाएका थिए ।

# सवारीसाधनको सुविधाले विद्यालय आवतजावतमा सहज

**दमौली–** तनहुँको आँबुखैरेनी गाउँपालिका-५ लाब्दीकी मुना गुरुङ विद्यालय जान साढे दुई घण्टा पैदल हिँड्ने गर्थिन् । बिहान ७:३० बजे घरबाट हिँडेपछि मात्रै उन समयमै विद्यालय पुग्थिन् । विद्यालयबाट घर फर्किनका लागि पनि गुरुङलाई त्यति नै समय लाग्थ्यो ।

वर्षौंदेखि यसरी नै हिँडेर विद्यालय आवतजावत गरिरहेकी उनलाई अहिले हिँड्नु पर्दैन । घरदेखि विद्यालयसम्म आवतजावत गर्न जिप चढ्न पाइने भएपछि समय बचत भएको र बचेको समय अध्ययनमा लगाउन सहज भएको छ । आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्कस्थित कन्यादेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत गुरुङले पैदलयात्राको बाध्यताबाट मुक्ति पाएसँगै अध्ययनमा सहज भएको बताइन् ।

गाउँपालिकाले घण्टौं हिँडेर विद्यालय जानुपर्ने अवस्था अन्त्य गर्न गाउँपालिकाभित्रका तीन विद्यालयलाई जिप सुविधा उपलब्ध गराएको हो । विद्यालय आवतजावतका लागि विगत लामो दशकदेखिको कष्टकर हिँडाइको यात्रामा पूर्णविराम लागेको छ । कयौं वर्षदेखि विद्यार्थी यसरी नै हिँडेर विद्यालय आवजावत गर्नुपर्थ्यो तर अहिले दुईवटा जिपले दैनिक दुईपटक विद्यार्थी ल्याउने र घर लैजाने गरेको छ । वडा नं ५ मा एउटा र वडा नं ६ का लागि अर्को जिप सञ्चालन गरिएको छ । वडा नं ५ मा चल्ने जिपले बाटोमा पर्ने वडा नं ६ का विद्यार्थीलाई पनि विद्यालय ल्याउने लैजाने गरेको छ । दुवै वडाका गरेर ८० विद्यार्थीले यो सुविधा पाएका प्रधानाध्यापक गुरुङको भनाइ थियो ।

विद्यालय रहेको हिलेखर्कमा ६० घरधुरीमध्ये १८ विद्यार्थीमात्रै विद्यालयमा अध्ययनरत छन् । बाँकी विद्यार्थी वडा नं ५ र ६ का हुन् । घरदेखि विद्यालय टाढा रहेका विद्यार्थीलाई हिँडेर विद्यालय जान नपरोस् भन्नका लागि जिप सुविधा उपलब्ध गराइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । बस खरिद गरेर उपलब्ध गराउने योजनाअनुरूप बस नआइञ्जेल जिप सुविधा प्रदान गरिएको उनको भनाइ थियो ।

यसैगरी आँबुखैरेनी गाउँपालिका-२ स्थित अन्नपूर्ण आधारभूत विद्यालय, अकला आधारभूत विद्यालय र वडा नं ६ स्थित कन्यादेवी माध्यमिक विद्यालयका लागि सवारीसाधन उपलब्ध गराइएको छ । अध्यक्ष चुमानले भने, ‘घण्टौं हिँडेर अब कोही पनि विद्यालय जानुपर्दैन । त्यसका लागि बस सुविधा उपलब्ध गराउँछौं, सवारीसुविधा प्रयोग गरेबापत एक रूपैयाँ पनि तिर्नुपर्दैन । विद्यालय आवतजावत गर्न घण्टौं हिँड्नुपर्ने र त्यसले गर्दा पढाइमा समस्या भएपछि सवारीसाधनको व्यवस्था गरिएको हो ।’

उक्त गाउँपालिकाले वडा नं १ समस्तीपुरस्थित चन्द्रोदय माध्यमिक विद्यालय र वडा नं २ स्थित अकला आधारभूत विद्यालयलाई बस उपलब्ध गराएको छ । गाउँपालिकाले आन्तरिक स्रोतबाट ५६ लाख रूपैयाँको लागतमा उक्त बस खरिद गरेको हो । *रासस*

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INNOVALUES PERCISION SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/04 पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No. : 272281 चलानी नं.: ६०१८८०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 40 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAMRA PALACE COMPANY FOR INVESTMENT

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293322 चलानी नं.:६०२०८४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAGNETIC CONTROL FOR ELECTRICAL TRANSFORMER FACTORY

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293323 चलानी नं.:६०२०८४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२१ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No.288940 चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULMOHSEN JASEM ALSALEEM TRADING EST.

पूर्व स्वीकृति मिति: २०८०/०६/१५ LT. No. 293353 चलानी नं. ६०२०८५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JING MENT LADIES BEAUTY SALON.

पूर्व स्वीकृति मिति २०७८/०८/०३ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No. 251134 चलानी नं. ६०१६८११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 5 | 150 | ६४,६०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Indoor) | 0 | 4 | 100 | ४३,०७० | | | | | | | |
| 3 | Hair Dresser | 0 | 5 | 150 | ६४,६०५ | | | | | | | |

कम्पनी : LAPILA VITA LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७९/०३/१२ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No. 265709 चलानी नं. ६०१८१७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ६१,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 5 | 150 | ६१,२९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHEM AL-AWALI GENERAL CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२३ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No.275328 चलानी नं. ६०१९०८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 40 | 0 | 1200 | ४२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAMSA DELICIOUS FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०६/१५ LT. No. 293390 चलानी नं. ६०२०८५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Restaurant | 2 | 0 | 1200 | ४२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

कम्पनी : LAMAZANI GRILL

पूर्व स्वीकृति मिति २०८०/०२/१२ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No. 286670 चलानी नं. ६०२००९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIANG KEE FARMING SDN

पूर्व स्वीकृति मिति:२०७९/०९/०८ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No. 278147 चलानी नं. ६०१९३७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 11 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VJ MARQUE TENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/04/05 पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/१५ LT. No. 267680 चलानी नं. ६०१८३५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 8 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 937/067/068

**Aseana International Pvt. Ltd.**

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com, Website:- www.aseanainternational.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEC ARABIA CO. LTD. ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/१४ LT. No. 293269 चलानी नं. ६०२०८५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1100 | ३९,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक

मंगलबार, १६ असोज २०८० (Tuesday, October 3, 2023)




## 'रंगेली'को जापान, कोरिया र हङकङ वितरण अधिकार बिक्री

छायांकनको क्रममा रहेको नेपाली चलचित्र 'रंगेली'को जापान, कोरिया र हङकङ वितरण अधिकार बिक्री भएको छ । चलचित्रका निर्माता जीतेन्द्र खतिवडाका अनुसार उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्टले तीन देशको वितरण अधिकार खरिद गरेका हुन् । नेपाली चलचित्रले ती देशहरूबाट प्राप्त गरिरहेको उच्चतम रकममा अधिकार बिक्री गरिएको खतिवडाले बताए । यसअघि अस्ट्रेलियामा पनि 'रंगेली' बिक्री भइसकेको छ । अस्ट्रेलियाको मेलबर्नमा माघको अन्तिम हप्ता 'ग्रान्ड प्रिमियर'को समेत तयारी भएको छ । आगामी मार्च ८ तारिख (महाशिवरात्रिको दिन फागुन २५ गते)मा अस्ट्रेलिया, जापान, कोरिया र हङकङमा यो चलचित्र नेपालसँगै रिलिज हुने पक्का भइसकेको छ ।




# सर्वोत्कृष्ट छायाँकारको अवार्ड राजन खरेललाई

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल सर्ट फिल्म अवार्ड - २०२३ मा सर्ट फिल्म 'अ हिडन लाईफ' बाट राजन खरेल सर्वोत्कृष्ट छायाँकारको अवार्ड चुम्न सफल भएका छन् । काठमाडौंको रसियन कल्चरमा सम्पन्न अवार्ड समारोहमा प्रमुख अतिथि पूर्व प्रधानमन्त्री तथा नेकपा समाजवादीका नेता झलनाथ खनालले विभिन्न श्रष्टाहरूलाई सम्मान तथा अवार्ड प्रदान गर्दै यस्ता अवार्डले कलाकारहरूलाई सृजना गर्न प्रेरणा मिल्ने बताए ।

नेपाल सर्टफिल्म अवार्ड - २०२३ मा सर्वोत्कृष्ट चलचित्र संघर्ष बन्यो भने सर्वोत्कृष्ट चरित्र अभिनेताको अवार्ड चलचित्र संघर्षबाटै अभिनेता तथा निर्देशक प्रेम पाण्डेलेको हातमा पर्यो । सर्वोत्कृष्ट अभिनेताको अवार्ड चलचित्र काहाँनी एका देशकोबाट अभिनेता सागर लम्साल बलेले प्राप्त गरे भने सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र प्रवासी जिवन बाट सरिता लामिछानेले प्राप्त गरिन ।

त्यस्तै सर्वोत्कृष्ट निर्देशकको अवार्ड चलचित्र दुर्गामाण्डौबाट चलचित्र निर्देशक माधव राज खरेलले प्राप्त गर्दा सर्वोत्कृष्ट सम्पादकको अवार्ड चलचित्र संघर्ष बाट साहिल खानले प्राप्त गरेका छन् भने 'अ हिडन लाईफ'बाट सर्वोत्कृष्ट छायाँकारको अवार्ड सिनेमाटोग्राफर राजन खरेललाई प्रदान गरियको थियो । नेशनल सर्ट फिल्मको निर्णायकमा अभिनेता आरएन सिग्देल, तेज गिरी, निर्देशक दिनेश राउत, विरेन्द्र हमाललगायत विशिष्ठ ब्यक्तित्वहरू रहेका थिए ।




'अ हिडन लाईफ' भन्दा अघि पनि चलचित्र, म्युजिक भिडियो तथा बृत्तचित्रको छायाँकन गर्दै आएका खरेलले दुर्गामाण्डौ, कुइनेटो र चलचित्र चिट्ठीमा छायाँकारको रूपमा काम गरेका छन् भने हामी किसानी, कर्महारा चेली, म त गीत गाउँछु हजुर, मलाई बुद्धले देखाको, तिमि पागल पागल, हाम्रो साझा हिमाल लगायत दर्जन भन्दा वढि म्युजिक भिडियो र सोही संख्यामा वृत्तचित्रहरूको पनि सफल छायाँकन गरिसकेका छन् ।

संसारकै अग्लो स्थानमा छायाँकन गरिएको हाम्रो साझा हिमाल बोलको म्युजिक भिडियोले सन २०१९मा विश्वकिर्तिमानी कायम गर्न सफल रहेको थियो, शो गीतको छायाँकन खरेलले नै गरेका थिए ।

छायाँकारकै रूपमा आफुलाई नेपाली चलचित्र तथा गीत संगीत क्षेत्रमा स्थापित गराउदै आएका खरेल यस क्षेत्रमा मिहेनती तथा लगनशिल र इमान्दार छायाँकारको रूपमा चिनिन्छन् । विषेश गरि चलचित्र सर्टफिल्म, म्युजिक भिडियो, बृत्तचित्रहरूमा आफुलाई ब्यस्त राख्दै आएका छन् ।

## 'मिसेस युनिभर्स २०२३' मा विमला

**काठमाडौं (प्रस)–** आगामी अक्टोबरमा फिलिपिन्समा हुने ४६ औं 'मिसेस युनिभर्स २०२३' प्रतियोगितामा लन्डनकी विमला बुढाथोकीले प्रतिनिधित्व गर्ने भएकी छन् ।

लन्डन फेसन हाउसले हालै कोरोनेसन नाइट समारोहबीच ' मिसेस नेपाल युनिभर्स २०२२' की 'फष्ट रनर अप' बुढाथोकीलाई ' मिसेस नेपाल युनिभर्स २०२३' घोषणा गरेपछि उनी फिलिपिन्स जाने भएकी हुन् । बुढाथोकीलाई मनिषा डंगोल र 'मिसेस नेपाल युनिभर्स २०२२' की विजेता सन्नी शाहीले 'मिसेस नेपाल युनिभर्स २०२३' को क्राउन लगाइदिएका थिए ।

फिलिपिन्समा हुने प्रतियोगितामा सय भन्दा बढी मुलुकका मिसेस सुन्दरीहरूको सहभागिता रहने आयोजक संस्थाकी निर्देशक मनिषा डंगोल श्रेष्ठले बताइन् । विमलाले नेपालको प्रतिनिधित्व गर्न पाउँदा आफू निकै उत्साहित रहेको र अब प्रतियोगिता तयारीमा लाग्ने बताइन् ।

सन् २०१० देखि बेलायत बस्दै आएकी विमलाले ट्राभल टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेन्टमा ब्याचलर्स गरेकी छन् । क्याबिन क्रुको तालिम समेत लिएकी विमलाले नेपाल छँदा दुई वर्ष सिंगापुर एअरलाइन्समा काम गरेकी थिइन् । हाल उनी बेलायतको एक प्रतिष्ठित क्याफे चेन 'प्रेट अ मंगर' मा म्यानेजरका रूपमा कार्यरत छिन् । तीन वर्षीया छोरी र श्रीमानसहित बेलायत बस्दै आएकी विमला नेपाली समाजका विभिन्न इभेन्ट्स तथा सामाजिक कार्यमा आवद्ध रहनुका साथै च्यारिटी संस्थासँग पनि सहकार्य गर्दै आएकी छन् । बेलायतमा समेत नेपाली कला, संस्कृतिलाई प्रवर्धन गर्ने उनको चाहना छ ।

# ब्रबिम, आरुष, सायुरी र अक्षयनी 'किड्डी फेस अफ द इयर इन्टरनेसनल २०२३'



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** ब्रबिम बराल, आरुष भट्टराई, सायुरी कडेल र अक्षयनी दाहाल 'किड्डी फेस अफ द इयर इन्टरनेशनल २०२३' घोषित भएका छन् । जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न ' किड्डी फेस अफ द इयर इन्टरनेशनल'को सातौं संस्करणमा सिनियर र जुनियर केटा र केटी गरेर यी ४ विजेता चुनिएका हुन् ।

प्रतियोगीतामा जुनियर केटातर्फ ब्रबिम बराल र सिनियर केटातर्फ आरुष भट्टराई विजेता बन्दा जुनियर केटीतर्फ सायुरी कडेल र सिनियर केटीतर्फ अक्षयनी दाहालले उपाधि चुमे । त्यस्तै प्रतियोगीतामा जुनियर केटातर्फ सम्भव जैन फष्ट रनअप, आर्देन सुवेदी सेकन्ड रनरअप चुँनिदा सिनियर केटातर्फ भियोम गोयल फष्ट रनरअप र आरजय कोइराला सेकेन्ड रनरअप हुन सफल भए ।

त्यस्तै प्रतियोगीतामा जुनियर केटीतर्फ सदिक्षा जिसी फष्ट रनरअप र राधिका गोयल सेकेन्ड रनरअप बन्दा सिनियर केटीतर्फ सावलिन महर्जन फष्ट रनरअप र दृष्टि शाह सेकेन्ड रनरअप बने ।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजना र दावा टेक्नोलोजी एचएमसी नेपाल प्रालिको मुख्य प्रायोजन रहेको प्रतियोगिताको फाइनल स्पर्धामा सम्पुर्ण देवापाटे (प्रिन्सिपल माछापुच्छ्रे स्कुल तथा एकडेमिक निर्देशक), लव कार्की (संचारकर्मी), पुनम भट्ट (अफिसर अर्थमन्त्रालय), मुकुन भुषाल (अभिनेता), जयराम अधिकारी (मातृभुमि स्कुलका कोर्अडिनेटर), प्रदीप बज्राचार्य (अध्यक्ष टिम नेपाल) लगायत निर्णायक रहेका थिए । हेर एण्ड मेकअप पार्टनरको रूपमा मन्जुमेकअप स्टुडियोले साथ दिएको थियो ।

बालबालिकाको प्रतिभा निखार्दै उनीहरूलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले प्रतियोगीता नियमित आयोजना हुँदै आएको रेडियन्ट इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले बताए । प्रतियोगीताको डान्स कोरियोग्राफर संयुक्त स्थापित रहेका थिए ।

७ वर्षदेखि १३ वर्षसम्मका विद्यालय अध्ययनरत बालबालिकाको सहभागिता रहेको प्रतियोगीको कोरियोग्राफी अन्तराष्ट्रिय फेसन कोच राज फैजुले गरेका थिए, भने ड्रेस डिजाइन श्रीषा बैदारले गरेकी थिइन् । विजेताले अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा सहभागी अवसरको अलवा दावा एचएमसी नेपाल प्रालीको तर्फबाट गिफ्ट ह्याम्पर समेत प्राप्त गरेको छन् । कार्यक्रममा चलचित्र कलाकार संघका निबर्तमान अध्यक्ष रबिन्द्र खड्का, चलचित्र सेन्सर बोर्डका पुर्व सदस्य राजेश महर्जन लगायत चलचित्रकर्मीको बाक्लो उपस्थिती थियो ।

## रंगशाला

**१९ औं एसियाली खेलकुद**

# आज भारतसँग भिड्दै नेपाल

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** चीनमा जारी १९औं एसियाली खेलकुद प्रतियोगिताको पुरुष क्रिकेटको क्वार्टरफाइनलमा आज नेपाल भारत भिड्दैछन् ।

नेपाली समयअनुसार बिहान पौने ७ बाट सुरु हुने पहिलो क्वार्टरफाइनल खेलमा बलियो टोलि भारतसँग नेपाल भिड्ने भएको हो । सोमबार भएको 'ड्र' मा नेपालले भारतलाई प्रतिद्वन्द्वीका रूपमा पाएको हो । भारतीय टिम युवा टिम रहेको छ । भारतले विश्वकप क्रिकेटको तयारीमा रहेको हुनाले आफ्नो दोस्रो रोजाईका खेलाडीहरू एसियाड खेलमा पठाएको छ । भारतसहित पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान समूहचरणको खेलबिना सिधै क्वाटरफाइनल प्रवेश गरेका थिए ।

नेपाली टोली समूहगत चरणमा मंगोलिया र माल्दिभ्सलाई हराउँदै क्वार्टरफाइनलमा पुगेको थियो ।

प्रतियोगिताको दोस्रो क्वार्टरफाइनलमा हङकङले पाकिस्तानको सामना गर्नेछ । त्यो खेल पनि मंगलबार नै खेलिने छ ।




यसैगरी अर्को क्वार्टरफाइनल खेल अफगानिस्तान र श्रीलंकाबिच खेलिने छ । चौथो क्वार्टरफाइनल खेल बंगलादेश र मलेसियाबीच खेलिने छ । यी दुवै क्वार्टरफाइनल खेल बुधबार खेलिने छ ।

**सम्भावित नेपाली टिम:**

रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, गुल्सन झा, सन्दीप जोरा, दीपेन्द्र सिंह ऐरी, करण केसी, सन्दीप लामिछाने, अविनाश बोहोरा, सोमपाल कामी

**भारतीय टिम :**

ऋतुराज गायकवाड, यशस्वी जयसवाल, राहुल त्रिपाठी, तिलक वर्मा, रिंकु सिंह, जितेश शर्मा, वाशिंगटन सुन्दर, शाहबाज अहमद, रवि बिश्नोई, अवेश खान, अर्शदीप सिंह, मुकेश कुमार, शिवम दुबे

# धरानलाई हराउँदै जलपाइगुडी क्वार्टरफाइनलमा

**■ प्रभाव संवाददाता**

**मानेभञ्ज्याङ–** सातौ संस्करणको मानेभञ्ज्याङ गोल्डकपमा बिएससी जलपाइगुडीले बिजयी सुरुवात गरेको छ ।

प्रतियोगिताको उद्धघाटन खेलमा पानवारी एफसी धरानलाई ३-१ गोल अन्तरले हराउँदै जलपाइगुडीले अन्तिम ८ मा स्थान बनाएको हो । जलपाइगुडीको जितमा स्टेफेन समिरले २ गोल र करण राईले १ गोल गरे ।

धरानका पदम भट्टराईले सान्तवना गोल फर्काए । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोश्रो हाफमा ४ गोल निस्किएको हो । दुवै टिममा सहिद स्मारक ए डिभिजन लिग खेलेका खेलाडीहरूको बाहुल्यता रहेको थियो । प्रतियोगिताको दोश्रो प्रि-क्वाटरफाइनल खेलमा रेडहर्र्स इलाम र चाँद एफसी तीनधारेबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको बिजेताले ८ लाख र उपविजेताले ४ लाख रूपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा नेपालका ५ क्लब र भारतका ११ क्लब सहभागी छन् ।

मानेभञ्ज्याङ फुटबल क्लबले विगतका बर्षहरू देखि अन्तरदेशीय सम्बन्ध विस्तारका लागि नेपाल-भारत सिमानामा पर्ने मानेभञ्ज्याङ बजारमा फुटबल प्रतियोगिता आयोजना गर्दै आएको छ ।

# ब्याडमिन्टनको दुई स्पर्धामा नेपाल प्रि-क्वार्टरफाइनलमा

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** एसियन गेम्स अन्तर्गत ब्याडमिन्टनको मिक्स डबल्स र पुरुष डबल्समा नेपाल प्रिक्वाटरफाइनलमा प्रवेश गरेको छ । दुवै स्पर्धामा नेपाल २-० को सोझो सेटमा विजयी भयो । बिन्जियाङ जिम्न्याजियममा भएको मिक्स डबल्समा नेपालका विष्णु कटुवाल र नङशल तामाङको जोडीले मंगोलियाका जोल्जाया मुख्बटार र खेर्लेन दरखान्बटारको जोडीलाई २१-१६ र २१-१७ को सोझो सेटमा पराजित गरे ।

अर्को मिक्स डबल्समा भने सिंगापुरका तेरी काइ यङ हि र हान वेइ जेशिका तानको जोडीले नेपालका जीवन आचार्य र निता लम्सालको जोडीमाथि २१-४ र २१-३ को सहज जित दर्ता गरे ।

पुरुष डबल्समा नेपालका जीवन आचार्य र विष्णु कटुवालको जोडीले माल्दिभ्सका निबल अहमद र अज्फान मोहम्मद रसिदको जोडीलाई सीधा सेटमा २१-१७ र २१-१८ ले हराए ।

सोही स्पर्धामा थाइल्यान्डका पिरात्चाई सुक्फुन र पाकापोन तिरारत्सकुलको जोडीले नेपालका प्रिन्स दाहाल र सुनिल जोशीको जोडीलाई २१-८ र २१-५ ले पन्छाए ।



पुरुष सिंगल्समा नेपाल स्टार खेलाडी प्रिन्स दाहाल जापानी खेलाडीसँग पराजित भए । जापानका केन्टा निसीमोटोले नेपालका प्रिन्स दाहाललाई २१-१२ र २१-७ को सेटमा हराए ।

अर्को खेलमा थाइल्यान्डका कान्ताफोन वाङचारियोनले नेपालका सुनिल जोशीलाई २१-७ र २१-९ को सोझो सेटमा पाखा लगाए ।

# एनएसएल खेल्न नेपाल फर्कदै विमल

**काठमाडौं (प्रस)–** फुटबलर बिमल घर्तिमगर अष्ट्रेलियाबाट नेपाल फर्कने भएका छन् । नेपाल सुपर लिग (एनएसएल) खेल्न बिमल स्वदेश फर्कने पक्का भएको हो । एनएसएलको टिम चितवन एफसीले बिमललाई स्वदेश फर्काउने पक्का गरेको हो ।

आसन्न दोस्रो संस्करणको लिगमा चितवन एफसीले बिमलसँग औपचारिक अनुबन्धनको सम्झौता गरेको छ । चितवन एफसीले सामाजिक सञ्जालमार्फत बिमललाई अनुबन्धन गरिएको जनाएको छ । केही दिनअघि बिमल अष्ट्रेलिया गएका थिए । उनी सुरक्षित भविष्यको खोजीमा अष्ट्रेलियालाई नयाँ गन्तब्य बनाएका थिए । सोही कारण बिमलले राष्ट्रिय टिमबाट समेत आफुलाई बाहिर राख्दै एनएसएलका कुनै क्लबसँग समेत सम्झौता गरेका थिएनन् ।

उनी बाहिर जाने भएपछि ललितपुर सिटी एफसीले समेत अनन्त तामाङलाई मार्की खेलाडी घोषणा गरेको थियो । चितवन एफसीले आइकोनिक खेलाडीको रूपमा बिमललाई एनएसएलका लागि अनुबन्धन गरिएको प्रस्ट पारेको छ । विदेशमा रहेका नेपाली खेलाडीलाई आईकोनिक खेलाडीको रूपमा राख्न पाउने प्रावधान अनुसार बिमललाई अनुबन्धन गरिएको हो ।

'खेलाडीको विकासका लागि भनेर एनएसएलमार्फत नीजि क्षेत्रले फुटबलमा लगानी गरेको छ । खेलाडीलाई स्वदेशमा फर्काएर खेल्ने वातावरण दिन सकिन्छ भन्ने सन्देश दिन समेत बिमललाई अनुबन्धन गरिएको हो ।' एफसी चितवनका एक पदाधिकारीले भने ।

'फुटबलबाट धेरै राम्रा खेलाडी पलायन भएका छन् । उनीहरू एनएसएलमार्फत नेपाली फुटबलमा फर्कन्छन् भन्ने आश लिएका छौं । अन्य धेरै खेलाडी आईकोनिक खेलाडीको रूपमा एनएसएलमा देख्न सकिन्छ भन्ने विश्वास छ ।' ती पदाधिकारीले थपे ।

# बंगलादेशमा डेंगीबाट एक हजारको मृत्यु

**ढाका–** बंगलादेशमा यस वर्षको सुरुदेखि हालसम्म डेंगीबाट एक हजारभन्दा बढी मानिसको मृत्यु भएको सरकारी तथ्यांकले देखाएको छ। लामखुट्टेबाट हुने यो रोगलाई मुलुकको सबैभन्दा खराब प्रकोप मानिएको छ।

डेंगीबाट उच्च ज्वरो आउने, टाउको दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने, मांसपेशी दुख्ने र सबैभन्दा गम्भीररूपमा रक्तश्राव हुन्छ । अत्यधिक रक्तश्रावका कारण मानिसको मृत्युसमेत हुनसक्छ।

विश्व स्वास्थ्य संगठनले लामखुट्टेबाट सर्ने डेंगीसहित चिकुंगुन्या, पहेँलो ज्वर र जिकाजस्ता रोगहरू जलवायु परिवर्तनका कारण छिटो र थप फैलिरहेको चेतावनी दिएको छ।

बंगलादेशको स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार राति प्रकाशित गरेको तथ्यांकअनुसार डेंगीबाट दुई लाखभन्दा बढी संक्रमित हुँदा एक हजार छ जनाको मृत्यु भइसकेको छ।

महानिर्देशनालयका पूर्वनिर्देशक बे-नजिर अहमदले सन् २००० पछिको प्रत्येका वर्षको तुलनामा डेंगीबाट मर्नेहरूको संख्या यस वर्ष उच्च रहेको बताए । 'यो बंगलादेश र विश्व दुवैमा ठूलो स्वास्थ्य घटना हो,' उनले भने।

मृत्यु हुनेहरूमा शिशुसहित १५ वर्षमुनिका ११२ बालबालिका रहेका छन् । यो आँकडा सन् २०२२ को तुलनामा कम हो। सो वर्ष डेंगीबाट २८१ बालबालिकाको मृत्यु भएको थियो।

यस वर्षको मनसुनमा भएको अनियमित वर्षाका साथै उष्ण तापक्रमका कारण लामखुट्टेहरूको प्रजननमा उचित वातावरण भएकाले डेंगीको प्रकोप बढेको वैज्ञानिकहरूले बताएका छन् । सन् १९६० को दशकबाट बंगलादेशले डेंगीका केसहहरू देखिए पनि सन् २००० देखि यो रोगको प्रकोपको तथ्यांक राख्न थालेको हो।

डेंगीका धेरैजसो प्रकोप मनसुनका बेला जुलाईदेखि सेप्टेम्बरसम्म देखिन्छन् तर बंगलादेशका अस्पतालहरूले हालैका वर्षमा जाडो महिनामा पनि यस रोगका बिरामीहरूलाई भर्ना गरेका छन्।

विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम गेब्रिएससले सेप्टेम्बर महिनामा डेंगीको प्रकोपले बंगलादेशको प्रणालीमा ठूलो दबाब दिएको बताएका थिए। *रासस/एएफपी*

# युक्रेनलाई सहयोग जारी राख्न धेरै समय छैन : *बाइडेन*

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनलाई अहिले अमेरिकी सहयोग जारी रहने बताएका छन् । युक्रेनमा जारी युद्ध प्रयासमा सहयोगी मुलुकहरूलाई अमेरिकी वित्तीय सहयोग जारी राख्ने आश्वासन दिएका कारण बाइडेनले सो कुरा बताएका हुन्।

यद्यपि राष्ट्रपति बाइडेनले अमेरिकी कांग्रेसलाई समय घर्किंदै गइरहेको चेतावनी दिए। 'युक्रेनलाई कुनै पनि कारणले हामी अमेरिकी सहयोगलाई अवरोध हुन दिन सक्दैनौं,' शनिबार अबेर कांग्रेसले अल्पकालीन सहयोग प्याकेज पास गरेर सरकारी सेवाहरू बन्द हुनबाट जोगाएपछि रुजबेल्ट रुमबाट बाइडेनले भने।

'हामीसँग समय छ, धेरै समय छैन र तत्कालका लागि अधिक भावना छ,' सहयोग बिलको समय मध्य नोभेम्बरम्मका लागिमात्र रहेको उल्लेख गर्दै उनले भने।

उनले सहयोग प्याकेजमा सकेसम्म चाँडोभन्दा चाँडो वार्ता गर्न कांग्रेसलाई आग्रह गरे । 'सिनेट र हाउससहित दुवै पार्टीका डेमोक्रयाट र रिपब्लिकनको ठूलो बहुमतले रुसबाट भएको क्रुर आक्रमणमा युक्रेनलाई सहयोग गर्न समर्थन गर्दछ,' राष्ट्रपति बाइडेनले कांग्रेसलाई भने, 'खेल बन्द गरौं र युक्रेनलाई सहयोग गरौं।'

अधिकांश विधायकहरूले युक्रेन सहायताका लागि कांग्रेसमा स्वीकृत हुँदै गर्दा युद्धको अवधि लम्बिँदै गएकाले अझ कठिन हुँदै गएको स्वीकार गरेका छन् । युक्रेनलाई सहायता दिनेसम्बन्धी प्रयासमा अहिले रिपब्लिकनहरूको अवरोधले गति पाइरहेको छ। रासस/एपी


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RETRO CREATION RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/१४ | LT. No. 293283 | चलानी नं.६०२०८४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 135 | ५८,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 1 | 0 | 95 | ४०,९१६ | | | | | | | |

कम्पनी : ROOTS STYLE BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/१५ | LT. No.293365 | चलानी नं.६०२०८५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 170 | ७३२१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL
Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## सूचना ! सूचना !! सूचना !!!

यस **मेडिसेल्स मेडिको फर्मा लोकन्थली, १ भक्तपुर** बाट सप्लाई गरिने औषधी तथा औषधीजन्य सामानहरूको आ.व.२०८०/८१ को लागि निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरि यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधी तथा औषधी जन्य सामानहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा निम्नानुसारको दररेटमा खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।

**E-mail: medisalesmedico@gmail.com, Ph : 9851165356, 9845621355**

**MEDISALES MEDICO PHARMA PRODUCT & RATE LIST 2080/81**

| S.N | Name of goods | unit | Rate |
|---|---|---|---|
| 1 | Lignocaine vial 30ml | vial 30ml | 55.00 |
| 2 | Lignocaine with adrenaline 1:10000 | inj | 55.00 |
| 3 | Paracetamol inj 2ml amp | inj 2ml amp | 27.00 |
| 4 | paracetamol 500mg | tab | 1.00 |
| 5 | paracetamol syrup 60ml | syrup 60ml | 30.00 |
| 6 | Aspirin 75mg | tab | 2.00 |
| 7 | Ibuprofen 400mg | tab | 2.00 |
| 8 | Ibuprofen 200mg | tab | 1.50 |
| 9 | Ibuprofen 100mg/5ml | syp | 32.00 |
| 10 | Diclofenac inj 25mg/ml | inj | 12.00 |
| 11 | Diclofenac 50mg | tab | 4.00 |
| 12 | pheniramine 22.75mg/ml, 2ml inj | amp | 12.00 |
| 13 | cetrizine HCL 10mg | tab | 4.00 |
| 14 | Cetrizine HCL susp 5mg/ml, 30ml | susp | 45.00 |
| 15 | Metronidazole infusion 500mg/100ml inj | infusion | 35.00 |
| 16 | Metronidazole 400mg | tab | 4.00 |
| 17 | Metronidazole 200mg | tab | 2.00 |
| 18 | Albendazole 400mg | tab | 10.00 |
| 19 | metronidazole suspension 200mg/5ml, 60ml | suspension | 55.00 |
| 20 | Tinidazole 500mg | tab | 5.00 |
| 21 | Amoxycilline 125DT | tab | 3.50 |
| 22 | Amoxycilline 250DT | tab | 5.00 |
| 23 | Amoxycillin 125mg/5ml syrup | syp | 70.00 |
| 24 | Amoxycillin capsule 500mg | cap | 8.00 |
| 25 | Gentamycine sulphate inj 40mg/ml in 2ml | inj | 21.00 |
| 26 | Ampicilline powder for Iv/IM inj 250mg vial | inj | 25.00 |
| 27 | Ampicillin powder for IV/IM injection 500mg vial | inj | 30.00 |
| 28 | Benzathine benzyl penicillin powder for inj 1200000 IU | inj | 35.00 |
| 29 | Ciprofloxacine 250mg | tab | 5.00 |
| 30 | ciprofloxacine 500mg | tab | 8.00 |
| 31 | ciprofloxacine infusion 200mg/100ml | infusion | 45.00 |
| 32 | ciprofloxacilline e/e drop 0.3% 5ml | e/e drop | 30.00 |
| 33 | Eye ointment ciprofloxacine eye ointment 0.3% 5gm | eye ointment | 27.00 |
| 34 | Tetracyclin eye ointment 1% 5gm | eye ointment | 45.00 |
| 35 | Ceftriaxone inj 1gm/vial | inj | 89.00 |
| 36 | Ceftriaxone inj 500mg/vial | inj | 65.00 |
| 37 | Sulphamethoxazole+ Trimethoprim 480mg tab | tab | 4.00 |
| 38 | Sulphamethoxazole+ Trimethoprim 960mg tab | tab | 5.00 |
| 39 | Doxycycline 100mg capsule | cap | 6.00 |
| 40 | Azithromycine 250mg | tab | 17.00 |
| 41 | cloxacillin caps 250mg | caps | 8.00 |
| 42 | cloxacillin 500mg | caps | 12.00 |
| 43 | Cloxacilline syrup 125mg/5ml | syp | 120.00 |
| 44 | Fluconazole 150mg | cap | 24.00 |
| 45 | Ferrous sulphate + Folic Acid 60mg iron+400mcg folic acid | tab | 2.50 |
| 46 | Compound solution of sodium lactate (RL) 500ml | infusion | 50.00 |
| 47 | Sodium chlorides (NS) 500ml | infusion | 53.00 |
| 48 | Dextrose solution (DNS) 5% w/v 500ml | infusion | 53.00 |
| 49 | Dextrose (Glucose) 25% of 50ml solution | inj | 52.00 |
| 50 | Hydrochlorothiazide 12.5mg | tab | 3.00 |
| 51 | Calamine lotion 30ml 15% w/v | lotion | 45.00 |
| 52 | Povidine iodine liq 5% w/v | liq | 360.00 |
| 53 | Alumunium hdroxide +Mag.trisilicate 250mg+250mg | tab | 2.50 |
| 54 | Ranitidine inj 2ml 25mg/ml | inj | 7.00 |
| 55 | Ranitidine 150mg | tab | 3.00 |
| 56 | Atropine (As sulphate 0.6mg/ml) | inj | 12.00 |
| 57 | Hyoscine butylbromide inj 20mg/ml | inj | 33.00 |
| 58 | Hyoscine butlbromide 10mg | tab | 18.00 |
| 59 | Oral rehydration solutions ors WHO formula -sachet/ltr | powder | 10.00 |
| 60 | Clove oil 5ml | liq | 35.00 |
| 61 | Metoclorpropamide 10mg | tab | 3.00 |
| 62 | Metoclorpropamide inj 2ml /5mg/ml | inj | 21.00 |
| 63 | Metoclorpropamide solution 5mg/5ml | solution | 30.00 |
| 64 | Promethazine hydrochloride 25mg | tab | 5.00 |
| 65 | Charcol activated 10gm/sachet | powder | 70.00 |
| 66 | Benzoic acid + salicylic acid 30gm 6%+3% w/w | 30 gm tube | 65.00 |
| 67 | Frusemide 40mg | tab | 1.00 |
| 68 | Frusemide inj 2ml/10mg/ml | inj 2ml amp | 12.00 |
| 69 | Dexamethasone inj 4mg/ml,2ml | inj | 21.00 |
| 70 | Salbutamol 4mg | tab | 2.00 |
| 71 | Prednisolone 10mg | tab | 4.00 |
| 72 | Pralidoxim sodium inj 500mg | inj | 200.00 |
| 73 | Hydrocortisone powder for inj 100mg /vial | powder for inj | 100.00 |
| 74 | Adrenaline inj 1mg in 1ml | inj | 21.00 |
| 75 | Silver sulphadizine cream 25g 1% w/w tube | cream | 90.00 |
| 76 | clotrimazole skin cream 15gm 1% w/v, 15ml | cream | 100.00 |
| 77 | clotrimazole mouth paint 1% w/v, 15ml | mount paint | 125.00 |
| 78 | clotrimazole presSARY 100MG | pressary | 12.00 |
| 79 | Gention violet 1% sol 10ml | 1% sol | 21.00 |
| 80 | Allopurinol 100mg | tab | 4.00 |
| 81 | Allopurinol 300mg | tab | 5.00 |
| 82 | Oxymethazoline nasal drop 0.05%/10ml | nasal drop | 90.00 |
| 83 | Oxymethaszoline Nasal 0.025%/10ml | nasal drop | 80.00 |
| 84 | Levothyroxine 25mcg | tab | 2.00 |
| 85 | Levothyroxine 50mcg | tab | 2.00 |
| 86 | Folic Acid 5mg | tab | 3.00 |
| 87 | Pyridoxine 10mg | tab | 150.00 |
| 88 | Oxytocin 10IU, 1ml | inj | 30.00 |
| 89 | Magnesium sulphate inj 500mg/ml in 2ml ampoule | inj | 35.00 |
| 90 | Permethrin lotion 1%/100ml | lotion | 120.00 |
| 91 | Permethrin cream 5% w/v 30gm | cream | 120.00 |
| 92 | Amlodipine 5mg | tab | 5.00 |
| 93 | Nifedipine 10mg | tab | 6.00 |
| 94 | Losartan 25mg | tab | 4.00 |
| 95 | Losartan 50mg | tab | 5.00 |
| 96 | Methyldopa 250mg | tab | 69.00 |
| 97 | Digoxin 0.25mg | tab | 3.00 |
| 98 | Metformin 500mg | tab | 2.00 |
| 99 | Phenobarbitial 30mg | tab | 3.00 |
| 100 | Phenobarbitial inj 100mg/ml | inj | 35.00 |
| 101 | Albendazole 400mg | tab | 10.00 |
| 102 | Albendazole susdpension 200mg/5ml | suspension | 18.00 |
| 103 | Carbamazepine 100mg | tab | 3.00 |
| 104 | Carbamazepine 200mg | tab | 4.00 |
| 105 | Valporic acid 200mg | tab | 11.00 |
| 106 | Amitryptilline 25mg | tab | 5.00 |
| 107 | Amitryptilline 10mg | tab | 2.00 |
| 108 | chlorpromazine 100mg | tab | 2.00 |
| 109 | Diazepam 5mg | tab | 3.00 |
| 110 | Diazepam inj 5mg/ml, 2ml | inj | 33.00 |
| 111 | Enalapril 2.5mg | tab | 2.00 |
| 112 | Enalapril 5mg | tab | 4.00 |
| 113 | Nitrofurantion 100mg | tab | 8.00 |
| 114 | Atorvastatin 10mg | tab | 10.00 |
| 115 | Glimperide 1mg | tab | 5.00 |
| 116 | Glimperide 2mg | tab | 8.00 |
| 117 | Risperidone 1mg | tab | 5.00 |
| 118 | Risperidone 2mg | tab | 6.00 |
| 119 | Fluoxetine 20mg | tab | 3.00 |
| 120 | Thiamine 100mg | tab | 5.00 |
| 121 | Mefipristone +Misoprostol combi pack includes 200mg+4(200) mcg | tab | 650.00 |
| 122 | Misoprostol 200mcg | tab | 45.00 |
| 123 | Chlorhexidine (CHD) solutrion 0.2% oral solution | solution | 80.00 |
| 124 | Neomycin skin ointment 15gm ointment | tube | 90.00 |
| 125 | Vitamin b complex vit B1 10mg, B2 10mg, B6 3mg, cyanocobalamin 15mcg (TherPEUTIC DOSE) | cap | 4.00 |
| 126 | Alprazolam 0.25mg | tab | 1.70 |
| 127 | Zinc sulphate 20mg | tab | 4.00 |
| 128 | Zinc sulphate 10mg | tab | 3.00 |
| 129 | Doxycycilline 100mg | cap | 6.00 |
| 130 | cefixime 200mg | tab | 20.00 |
| 131 | Ipratropium Reapulses Nebuliser solution 1mg /2ml | respules | 12.00 |
| 132 | Salbutamol solution for nebulization 1mg/ml of 15ml | soluion for nebulization | 23.00 |
| 133 | IV infusion set pcs set | set | 45.00 |
| 134 | Iv Cannula diff size 20 NO, 22 No | pcs | 45.00 |
| 135 | Absorbent cotton 400grm roll | roll | 420.00 |
| 136 | Bandage 35 TPI 90*180 | than | 420.00 |
| 137 | Gauze 40 TPI 90*180 | than | 420.00 |
| 138 | Surgical gloves 7 no | pair | 45.00 |
| 139 | Examination gloves large size 7 no | pcs | 21.00 |
| 140 | phenol 1000ml | bottle | 120.00 |
| 141 | Harpic 1 letter | bottle | 120.00 |
| 142 | Utility gloves rubber | pair | 120.00 |
| 143 | Disposable syringe 3ml | pcs | 5.00 |
| 144 | Disposable syringe 5ml | pcs | 5.00 |
| 145 | Disposable syringe 10ml | pcs | 12.00 |
| 146 | Insulin syringe 1ml | pcs | 12.00 |
| 147 | Non Absorable suture set mersilk 2-0 | pcs | 220.00 |
| 148 | Chromic catgut 2-0 absorbable 12pcs per box | pkt | 220.00 |
| 149 | Adhesive tape roll 90*18 metre | roll | 290.00 |
| 150 | Surgical blade 11 no | pcvs | 12.00 |
| 151 | NG tube (Ryles tube) between 12F to 18 F (normal adult size) | pcs | 120.00 |
| 152 | Rectified spirite 450ml | bottle | 240.00 |
| 153 | Handiplast | pc | 2.00 |
| 154 | Weighting Machine (Up to 25 kg-child) (Hanging with colour code) to weigh infants* (salter scale) | pcs | 3,000.00 |
| 155 | Implant Insertion Set | Set | 7,000.00 |
| 156 | Implant Removal Set | Set | 8,000.00 |
| 157 | Delivery Set | Set | 4,500.00 |
| 158 | Themometer Digital | Pcs | 300.00 |
| 159 | Ketorolac Inj | 1ml | 32.00 |
| 160 | Tramadol Inj | 2ml | 32.00 |
| 161 | Pantoprazole Inj | 40mg | 100.00 |
| 162 | Inj Ceftrixone 250gm | 250mg | 55.00 |
| 163 | Sodium Chlorides (NS) | Bottle | 53.00 |
| 164 | Inj Traneximic Acid | Vial | 100.00 |
| 165 | Tetanu Toxoid (TT) | Injection | 32.00 |
| 166 | Vitamin K1 | Injection | 45.00 |
| 167 | Calcium Gluconate | Injection | 45.00 |
| 168 | Inj Pcm/100ml/1gm | Bottle | 390.00 |
| 169 | Enema Solution | Bottle | 70.00 |
| 170 | Easy Fix | Pcs | 25.00 |
| 171 | Ondansetran | Ampule | 32.00 |
| 172 | Uro Bag | Pcs | 120.00 |
| 173 | Foley's Catheter | Pcs | 120.00 |
| 174 | Dressing Set | Set | 4,500.00 |
| 175 | Virex Powder | Packet | 55.00 |
| 176 | Bp Set original With Aneroid Sphygmomanometer & Stethoscope | Pcs | 3,490.00 |
| 177 | Digital Weighting Machine (For Adult) | Set | 4,500.00 |
| 178 | Pan Scale (Upto 10kg ) for Newborn | Set | 5,500.00 |
| 179 | ENT Set | Pcs | 9,000.00 |
| 180 | Rubber Sheet | Metter | 300.00 |
| 181 | Surgical Mask | Pcs | 5.00 |
| 183 | Pregnancy Test Kit | Pcs | 50 |
| 184 | Sanitary Pad Everyday 240mm | 8 pcs Packet | 70 |
| 185 | Sanitary Pad Ultra 288mm | 8 pcs Packet | 100 |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०८००० | प्रति तोला – १०७५०० | प्रति तोला – १३६० |



**फेरीबाट नदी तर्दै गाडी** | संखुवासभाको खाँदबारी र भोजपुरको षडानन्द नगरपालिका जोड्ने सतिघाट हुँदै बग्ने अरुण नदीमा पक्की पुल नहुँदा फेरीबाट सवारीसाधन तारिँदै । *तस्बिरः सुजन बज्राचार्य/रासस*

### उद्योग वाणिज्य महासंघ तेस्रो कार्यसमिति बैठक

# सातै प्रदेशमा लगानी सम्मेलन गरिने

■ प्रभाव संवाददाता

**ढोरपाटन–** नेपाल उद्योग वाणिज्य महासंघले हाल शिथिल जस्तो देखिएको मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन तथा देशैभरि लगानीका सम्भावनालाई उजागर गर्न सातै प्रदेशमा लगानी सम्मेलन गर्ने भएको छ ।

महासंघको तेस्रो कार्यसमितिको बागलुङ जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र ढोरपाटनमा आज बसेको बैठकले सो निर्णय गरेको हो । प्रचुर सम्भावना भएर पनि पूर्वाधार र प्रचारप्रसारको अभावमा ओझेलमा परेको ढोरपाटन क्षेत्रको प्रचार गर्ने उद्देश्यले महासंघको तेस्रो बैठक सोमबार ढोरपाटनमा आयोजना गरिएको थियो । उक्त बैठकले देशमा लगानीका क्रियाकलापलाई चलायमान गराउन देशका सबै प्रदेशमा प्रदेश सरकारको सहभागितामा लगानी सम्मेलनको आयोजना गर्ने निर्णय गरेको अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिए । त्यसैगरी सो बैठकले सन् २०२५ लाई देशका समग्र निजी क्षेत्रले पर्यटन वर्षका रूपमा मानउने निर्णय पनि गरेको छ ।




पर्यटन वर्ष मनाउनेसम्बन्धी प्रचारप्रसार सोमबारदेखि सुरु गर्ने र यससम्बन्धी पत्राचार महासंघका देशैभरका जिल्ला तथा नगर उद्योग वाणिज्य संघमार्फत गर्ने निर्णय भएको छ । अध्यक्ष ढकालको गृह जिल्लामा आयोजना गरिएको सो बैठकले मुलुकमा व्याप्त आर्थिक संकट घटाउँदै तरलता बढाउन असोज मसान्तभित्रै राजनीतिक तथा सरोकारवाला निकायबीच छलफल गर्न एक उच्चस्तरीय तथा सर्वपक्षीय सम्मेलन गर्ने पनि निर्णय गरेको छ । अध्यक्ष ढकालले महासंघ एवं नेपाल सरकारलेसमेत वैदेशिक लगानीका लागि आग्रह गरिरहेको वर्तमान अवस्थामा देशभित्रै लगानीको वातावरण निर्माण गरी आर्थिक चलायनमान बनाउनका लागि लगानी सम्मेलन गर्ने निर्णय भएको बताए ।

अध्यक्ष ढकालले भने, 'सन् २०२५ लाई पर्यटन वर्षका रूपमा मनाउने निर्णय भएको छ र यो निर्णय मुलुकको एक प्रमुख पर्यटकीय क्षेत्र एवं नेपालको एकमात्र सिकार आरक्षमा बैठक बसेर गरिएको छ । कोरोना महामारीले थला पारेको देशको पर्यटन व्यवसायलाई उठाउनका लागि पर्यटकीय क्रियाकलाप गर्न सो निर्णय सहायक सिद्ध हुने अपेक्षा गरेका छौँ ।'

त्यसैगरी पर्यटकीय क्षेत्र ढोरपाटनको पनि प्रचारप्रसार र आवश्यक प्रवर्द्धन गर्नका लागि मुलुकका समग्र उद्योगी, व्यवसायीहरूको छाता संस्था महासंघले बागलुङको ढोरपाटनमा बैठक आयोजना गरेको अध्यक्ष ढकालले जानकारी दिए ।

'नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्षमा विदेशी पर्यटकहरू सिकार खेल्न मात्रै आउने प्रचलन छ, यहाँको पर्यटन पूर्वाधार र प्रचारप्रसार गर्न निजी क्षेत्रले उत्सुकता देखाएको हो', ढाकालले भने, 'ढोरपाटनको भ्रमणमा छौँ, यहाँका सम्भावनाको खोजी गर्नेछौँ', अध्यक्ष ढकालले भने । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन प्रचुर सम्भावना भएर पनि ओझेलमा पर्दै परेको छ । देशका उद्योगी व्यवसायी सम्मिलत यस बैठकपछि नेपालका एक सय पर्यटकीय गन्तव्यको सूचीमा रहेको ढोरपाटनको थप विकास हुने आशा स्थानीयले गरेका छन् ।

बागलुङ उद्योग वाणिज्य संघ बागलुङ र ढोरपाटन उद्योग वाणिज्य संघको आतिथ्यतामा ढोरपाटनमा बैठक आयोजना गरिएको बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले जानकारी दिए ।

देशभरका निजी क्षेत्रका उद्योगी तथा व्यवसायीहरूले ढोरपाटन अवलोकन गर्दा पर्यटनको विकासमा सहयोग पुग्ने उनको विचार छ । ढोरपाटनमा आवश्यक पर्यटकीय पूर्वाधार, सुविधा सम्पन्न होटलसहित अन्य व्यावसायिक योजनासमेत बन्नसक्ने अपेक्षा स्थानीयको रहेको पनि अध्यक्ष कँडेलले बताए ।

यो सिकार आरक्ष तथा प्रमुख पर्यटकीय क्षेत्र त हो नै यहाँको आलु पनि पश्चिमको बजारमा लोकप्रिय छ । यहाँ आलु र स्याउको प्रचुर सम्भावना रहेको छ । बैठकपश्चात् महासंघको कार्यसमितिमा रहेका सदस्य एवं पदाधिकारीहरूले ढोरपाटन क्षेत्रको अध्ययन, स्थलगत अवलोकन र सिकार आरक्ष कार्यालयको भ्रमण गर्ने कार्यक्रम रहेको छ ।

बैठकमा ढोरपाटनको प्रसिद्ध ढोरबराह मन्दिरका साथै समग्र जिल्लाको पर्यटनका विषयमा समेत छलफल भएको ढोरपाटन उद्योग वाणिज्य संघका अध्यक्ष ढालेन्द्र छन्त्यालले बताए । ढोरपाटनमा सिकार आरक्ष क्षेत्र, ढोरपाटन उपत्यका, स्याउ बगैँचा, ढोरबराह मन्दिर, देउराली, निशेलढोर, सिकार आरक्ष कार्यालयको संग्रहालयलगायत ढोरपाटनमा पर्यटक भुलाउने अनेकौँ स्थान रहेका छन् । सिकार खेल्नका लागि विदेशी पर्यटकमात्र आउने गरेको ढोरपाटनमा पछिल्लो समय आन्तरिक पर्यटकहरू पनि बढेका छन् । तर ढोरपाटन पुग्ने सडक र त्यहाँ सुविधा सम्पन्न होटल नहुँदा भने पर्यटकलाई समस्या भइरहेको छ ।

# नेप्सेमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । सोमबार परिसूचक पाँच दशमलव १९ अंकले बढेर एक हजार नौ सय ७६ दशमलव २९ अंकमा कायम भएको हो ।

दुई सय ८६ कम्पनीको ५७ लाख ७६ हजार आठ सय ९६ कित्ता सेयर ८५ हजार पाँच सय ९१ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ७३ करोड ७३ लाख १४ हजार ९२ बराबरको कारोबार भएको छ ।

होटल तथा पर्यटन र उत्पादन तथा प्रशोधन समूहको उपसूचक घट्दा अरु सबै समूहका उपसूचक बढेको छन् । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३३ र म्युचुअल फन्ड समूहको उपसूचक एक प्रतिशतले बढेको छ ।

सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सयपत्री हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै मूल्य घट्नेमा भने पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य पाँच दशमलव २९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआइसी एशिया बैंक लिमिटेडको रू २१ करोड ६८ लाख नौ हजार एक सय ४१ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको दुई लाख ८७ हजार ५२ कित्ता सेयर किनबेच भएको छ ।

## कर्पोरेट

# रिलायन्स फाइनान्स र चिरायु अस्पतालबीच सम्झौता



**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स लिमिटेड र चिरायु नेशनल हस्पिटल, बसुन्धारा काठमाडौंबीच स्वास्थ सेवामा छुट दिने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौतामा रिलायन्स फाइनान्स लि. को तर्फबाट प्रमुख कार्यकारी अधिकृत समाज प्रकाश श्रेष्ठ र चिरायु नेशनल हस्पिटलको तर्फबाट अपरेशन डाईरेक्टर चण्डेश्वर एब.आर. बैद्यले हस्ताक्षर गरेका छन् । यस सम्झौता अर्न्तगत रिलायन्स फाइनान्स लिमिटेडका समस्त ग्राहकवर्ग, सेयरधनी तथा कर्मचारीहरूले चिरायु नेशनल हस्पिटलले प्रदान गर्ने विविध स्वास्थ सेवामा १५ प्रतिशत सम्म छुट प्राप्त गर्न सक्नेछन् ।

नेपाल राष्ट्र बैकबाट 'ग' बर्गको वित्तीय कारोबार गर्ने इजाजत मिति २०६६/०८/१० मा प्राप्त गरी मिति २०६६/०८/१८ बाट संस्थाको केन्द्रीय कार्यालय प्रदर्शनीमार्गबाट आफनो कारोबार शुरु गर्दै आएको यस संस्थाले हाल का.म.न.पा. १ कमलादीमा रहेको आफ्नै भवनमा केन्द्रीय कार्यालय सहित मुख्य शाखा कार्यालय संचालन गरेको छ । संस्थाले न्यूरोड, सितापाईला काठमाडौ, ईमाडोल, नारायणघाट, महेन्द्रपुल पोखरा, वेशीशहर, बनेपा, आरुघाट, चारआली, गोरखा, भैरहवा, मणीग्राम, बुटवल, धनगढी, महेन्द्रनगर, कोहलपुर, अत्तरिया, दमक, बिर्तामोड, धुलाबारी टाँडी शाखा कार्यालय गरि जम्मा २१ वटा शाखा कार्यालयमार्फत् सेवा दिँदै आएको छ । संस्थाले 'वित्तीय सेवाको अर्को परिभाषा' भन्ने नाराका साथ संस्थाका ग्राहकहरूलाई सहज तथा सर्व सुलभ तरिकाले विभिन्न शिर्षकहरूमा कर्जा प्रदान गर्नुका साथै विभिन्न निक्षेप योजना लागु गरि आकर्षक व्याज प्रदान गर्दे निक्षेप संकलन गर्दे आएको छ । संस्थाले निक्षेप तथा कर्जाका अतिरिक्त इ-बैंकिङ, एससिटी नेटवर्क एटीएम, रेमिट्यान्स सेवा, सी आस्वा, एबीबीएस सेवा, इसीसी, एसएमएस बैंकिङ, मोबाइल बैंकिङलगायतका सेवा दिँदै आएको छ ।

# कुमारी बैंकको 'दसैं र तिहार परिवारलाई उपहार' योजना

**काठमाडौं (प्रस)** – कुमारी बैंक लिमिटेडले नेपालीहरूको महान चाड दसैं तथातिहारलाई लक्षितगर्दै आफ्ना बचत खाताहरूमा विभिन्न आकर्षक सुविधा प्रदान गर्ने भएको छ ।

बैंकले ग्राहक माझ निकै लोकप्रिय कुमारी परिवार सुरक्षा बचत खातामा थप सुविधाका साथ 'दसैं र तिहार परिवारलाई उपहार' योजना ल्याएको छ । २६ लाखको बीमा सुविधाअन्तर्गत परिवार का ४ जना सदस्यलाई रु एक लाखको मेडिकल बीमा सुविधाका साथै कुमारी परिवार सुरक्षा बचत खातामा २४ लाखसम्मको दुर्घटना बीमा तथा एक लाख सम्मको घातक रोग बीमा सुरक्षण समावेश गरिएको छ । साथै खाता खोलिएको पहिलो वर्षको लागि लकर सुबिधामा लकर शुल्कमा शतप्रतिशत तथा लकर मार्जिनमा ५० प्रतिशत छुट तथा निःशुल्क डेबिट/क्रेडिट कार्ड सुविधा प्रदान गर्नेछ ।




यसै अवसरमा बैंकका अन्य बचत खाताहरूमा रु २० हजारको मेडिकल बीमा सुविधा प्रदान गर्ने छ । बैंकले सानिमा जीआई सी इन्स्योरेन्स र सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड सँग बीमा प्रदायक कम्पनीको रूपमा सहकार्य गर्दै आएको छ ।

बैंकले आफ्ना देशभर रहेका ३०८ शाखा सञ्जाल, ३०९ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ६४ शाखा रहित बैंकिंग ईकाईहरू मार्फत सेवा दिँदै आइरहेको छ ।

## डेंगीबाट बच्ने उपायहरू

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।
- कम्तीमा हप्ताको एकपटक एयरकुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ